म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८० मंगलबार ८ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 21 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चोरीको आरोपमा एकजना पक्राउ

हेटौंडा, ७ जेठ/हेटौंडा उपमहानगरपालिका-१८ का गोपी थापाको घरको झ्याल फुटाई कोठाभित्र रहेको नगद रकम, गरगहना सहितका सामान चोरीको आरोपमा एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

थापाको घरमा दराजबाट नगद तीन लाख, सुन १ तोला, मोबाइल १ थान, हातेघडी थान-२ चोरी भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । चोरीको आरोपमा प्रहरी चौकी ठुलोदारमा लिखित निबेदन प्राप्त भएपछि हेटौंडा १८ बस्ने १७ वर्षीय नबीन खतिवडालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । चेकजाँच गर्दा उनको साथबाट नगद र लागूऔषध फेला पारिएको प्रहरीको भनाइ छ ।

# बागमतीको संसदीय समितिलाई पूर्णता, ६ जना सभापतिको सपथ

साझाकुरा संवाददाता



हेटौंडा, ७ जेठ/बागमती प्रदेशसभाको संसदीय समितिले डेढ वर्षपछि पूर्णता पाएको छ । सोमबार थप दुई समितिले सभापति पाएसँगै ६ वटै समितिले पूर्णता पाएको हो ।

बागमतीमा डेढ वर्षदेखि संसदीय समिति सभापतिविहीन थियो । सदस्यमध्ये ज्येष्ठताका आधारमा अध्यक्षले समितिको नेतृत्व गरिहरेका थिए । पुस २०७९ बाट प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएता पनि १२ असार २०८० मा आएर मात्रै प्रदेशका पाँचवटा संसदीय समिति गठन भएको थियो । लामो सयमदेखि सभापतिविहीन हुँदा समितिहरुको बैठक नियमित बस्न सकेको थिएन ।

बैठक नियमित बस्न नसक्दा पेचिला र गम्भीर विषयमा समितिमा व्यापक र विस्तृतरुपमा विधेयक वा प्रतिवेदनमाथि हुनुपर्ने छलफल ओझेलमा परेको थियो । संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन, सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भएगरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी निर्देशन दिन समितिको महत्वपूर्ण भूमिका हुन्छ ।

समितिले पूर्णता पाएपछि सरकार र व्यवस्थापिकाको पुल भई काम गर्न तथा सरकार र सदन दुवैको कार्यसम्पादनस्तर उच्च बनाउन उल्लेख्य भूमिका हुनेमा सांसदहरुले विश्वास लिएका छन् । प्रदेशसभाको प्रदेश मामिला समिति सभापतिमा कांग्रेसका छिरिङदोर्जे लामा, सार्वजनिक लेखा समिति सभापतिमा कांग्रेसकै श्रीराम लामिछाने, शिक्षा स्वास्थ्य तथा कृषि समिति सभापति नेकपा माओवादी केन्द्रका ठाकुरप्रसाद ढकाल र अर्थ तथा विकास समितिको सभापतिमा राप्रपाका नुरज बज्राचार्य ५ जेठमा भएको निर्वाचनबाट सर्वसम्मत चुनिएका थिए ।

उद्योग पर्यटन तथा वातावरण समिति सभापतिमा नेकपा एमालेका आनन्दकुमार श्रेष्ठ, विशेषाधिकार समितिका सभापतिमा नेकपा एकीकृत समाजवादीकी मायादेवी शर्मा ७ जेठ सोमबार भएको निर्वाचनबाट चुनिएको प्रदेशसभा सचिवालयले जानएको छ । ६ वटै समितिमा सभापति चुनिएसँगै सोमबार नै सभामुख भुवनकुमार पाठकले पद तथा गोपनीयताको सपथ गराएका छन् ।

प्रदेशसभा सचिवालयमा आयोजित एक समारोहमा विषयगत समितिका ६ जना सभापतिले पद तथा गोपनीयताको शपथग्रहण गरेका हुन् । विगतमा भागबन्डा र सरकार परिवर्तनका कारण समयमै संसदीय सभापति चयन हुन सकेको थिएन । दलीय भागबन्डाअनुसार प्रदेश मामिला समिति र सार्वजनिक लेखा समिति कांग्रेसलाई शिक्षा, स्वास्थ्य तथा कृषि समिति माओवादी केन्द्रलाई, राप्रपालाई अर्थ विकास समिति, एमालेलाई उद्योग, पर्यटन तथा वातावरण समिति भागमा परेको थियो ।

गत शुक्रबार सभामुख भुवनकुमार पाठकले राखेको पाँच दलीय बैठकले समितिको भागबण्डा टुंगो लगाउन नसकेपछि बागमती सरकारमा भागबण्डा मिलाउन मन्त्रालय फुटाएर थपेको ४८ घण्टा नबित्दै संसदीय समिति पनि थप गर्ने निर्णय भएको थियो । एकीकृत समाजवादीकी रमा आले मगरलाई सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय दिएको दुई दिनमै एकीकृत समाजवादीलाई सभापति दिन विषेशाधिकार समिति थप गरेर ६ गतेको प्रदेशसभा बैठकले समिति गठन गरेको थियो ।

# शिक्षामा पहुँच होइन, आवश्यकताको आधारमा बजेट: मन्त्री मोक्तान

साझाकुरा संवाददाता



हेटौंडा, ७ जेठ/ पर्याप्त बजेट नहुँदा शिक्षाको समग्र विकासमा समस्या झेल्नु परिरहेको भन्दै बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले शिक्षामा पहुँचको आधारमा नभई आवश्यकताको आधारमा बजेट बिनियोजन हुने बताएकी छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नं. १ लालझाडीस्थित बाराही आधारभूत विद्यालयमा बागमती प्रदेश सरकारको लगानीमा निर्माण हुने दुई कोठे भवनको सोमबार सिलान्यास गर्दै मन्त्री मोक्तानले २०७२ सालको भूकम्पपछि ध्वस्त विद्यालय भवन निर्माण, मर्ज भएका विद्यालयको संरचना व्यवस्थापन, शौचालय निर्माण, बाल विकास केन्द्रको स्तरोन्नति स्वच्छ पिउने पानीको व्यवस्थापन चुनौतीको रुपमा रहेको उनले बताइन् ।

बागमती प्रदेश सरकारले शिक्षाको स्तरोन्नति गर्न पहुँचको आधारमा नभई माग र आवश्यकताको आधारमा क्रमश: बजेट विनियोजन गर्नेमा ढुक्क हुन मन्त्री मोक्तानले आश्वस्त पार्नुभयो । उनले हेटौंडा उपमहानगरको १ नम्बर वडाको विद्यालय भएर पनि पछाडि परेको र आवश्यकता भएकै कारण बाराही आविमा दुई कोठे भवन निर्माणको लागि बजेट विनियोजन गरिएको बताइन् । उनले आगामी दिनमा विद्यालयका समस्या समाधानमा मन्त्रालय सकारात्मक रहँदै बजेट विनियोजन गर्ने बताइन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उत्तमकुमार तामाङको अध्यक्षतामा भएको कार्यक्रमका विशिष्ट अतिथि वडा अध्यक्ष सविन न्यौपानेले सामुदायिक विद्यालयमा विद्यार्थीहरु झिकाउन, सिकाउन, टिकाउन र बिकाउन समस्या रहेको बताए । सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्न नसके अब सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको लागि उपस्थित गराउनै समस्या पर्ने, भर्ना भए पनि सिकाइमा उपलब्धि हासिल गर्न गाह्रो हुने, विद्यालयमा निरन्तर टिकाएर पढाउन समस्या हुने र पढेर निश्चित योग्यता हासिल गरेपछि बजारमा रोजगारमा बिकाउन गाह्रो हुने उनको तर्क थियो । यस्तै समस्याको बीचमा विद्यालयमा दुई कोठे भवन निर्माणमा बागमती प्रदेश सर कारले सहयोग गरेकोमा उनले खुशी व्यक्त गरे ।

विद्यालयका प्रधानाध्यापक मञ्जु देवकोटाले विद्यालयको शैक्षिक र भौतिक अवस्थाबारे जानकारी गराएको कार्यक्रममा हेटौंडा नगर कार्यपालिका सदस्य ईश्वरी र साइली, वडा सदस्य रामकृष्ण अधिकारी, नेपाली कांग्रेस १ नं. इकाइ सभापति हरिकृष्ण महर्जन, नेकपा माओवादी केन्द्र वडा अध्यक्ष रेवती दाहाल, विद्यालयका सल्लाहकार ईश्वरी देवकोटा, लालझाडी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रुद्र तितुङलगायतको सहभागिता थियो ।

# बागमतीमा बजेटको सिद्धान्त र प्राथमिकतामाथिको छलफल सकियो



साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/बागमती प्रदेश सरकारको आगामी आर्थिक आर्थिक वर्ष २०८१/८२ को विनियोजित विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफल सकिएको छ ।

आइतबारबाट सुरु भएको प्रदेश सरकारको आगामी आवको विनियोजित विधेयकको सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफल सोमबार सकिएको हो । छलफलमा सत्तापक्ष, प्रमुख प्रतिपक्ष र प्रतिपक्ष दलका सांसदहरुले आ-आफ्नो धारणा, सुझाव र सल्लाह दिएका थिए । छलफलको क्रममा सांसदहरुले सरकारलाई भूगोल अनुसारको बजेट र योजना कार्यान्वयन गर्न सुझाव र दीगो कार्यान्वयन गर्न सल्लाह दिइएको थियो ।

बैठकमा प्रदेशसभाका सदस्यहरुले आर्थिक वर्षमा प्रदेशको १३ वटै जिल्लामा भौतिक पूर्वाधारको विकास र कृषिलाई नयाँ प्रविधिबाट उत्पादन गरी बजारमा आपूर्तिको व्यवस्था मिलाउन सरकारसमक्ष माग गरेका थिए ।

बैठकमा दीर्घकालीन रुपमा वनजंगललाई डढेलोबाट जोगाउन नयाँ प्रविधिको सोच चिन्तनबाट विभिन्न उपकरणहरु खरिद गरी सम्बन्धित स्थानीय निकायमार्फत् डढेलो नियन्त्रणका लागि स्रोतसाधन परिचालन गरिनुपर्नेमा उनीहरुको जोड थियो ।

त्यसैगरी, सीमान्तकृत समुदाय चेपाङ, दलित, आदिवासी जनजातिको स्वास्थ्यउपचार, शिक्षा र रोजगारीको लागि प्रत्यक्ष अवसर जुटाउने योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन भगिरथ प्रयास गर्नुपर्ने सुझाव दिएका थिए । त्यस्तै प्रदेशसभाका सदस्यहरुले घरेलु पर्यटन, वनस्पति र मौसमी जडिबुटीहरुको संरक्षण गरी बाह्य मुलुकबाट पनि पर्यटन भित्राउने कार्यलाई प्रोत्साहन गर्ने खालको आर्थिक कार्यक्रम ल्याउन सरकार लाई मार्गदर्शन गरेका थिए ।

प्रदेशमा भुगोल अनुसारको दीगो पूर्वाधार विकास, खानेपानी, सडक, विद्युत विस्तारको क्रममा योजना छनोट गर्दा दलगत स्वार्थभन्दा माथि उठेर सबै सांसदको माग अनुसार स्थानीय निकायको सिफारिस बमोजिम योजना र बजेटको सिलिङ तोकी कार्यान्वयनमा ल्याउन उनीहरुले आग्रह गरे ।

साथै उनीहरुले विभिन्न वनजंगलमा सडेगलेका वनपैदावरलाई सम्बन्धित निकायमार्फत् कानूनी प्रक्रिया पूरा गरी लिलामीमार्फत् राजश्व संकलन गर्न सुझाव दिएका थिए ।

प्रदेश सरकारले अब बागमती प्रदेशको उपयुक्त जिल्लामध्ये एक स्थानमा छनोट गरी जैविक मलखादको कारखाना स्थापना गर्न गुरुयोजना तयार गरी आवश्यक बजेटको सिलिङ छुट्याउन सरकार लाई ध्यानाकर्षण गराएका थिए ।

# जनप्रिय माविमा गणित विषयको ल्याव स्तरोन्नति

साझाकुरा संवाददाता



हेटौंडा, ७ जेठ/नमूना माविका रुपमा हेटौंडा-१६ को जनप्रिय माविले चर्चा बटुलीरहेकै अवस्थामा विद्यालयले गणित विषय प्रयोगशालालाई अद्यावधिक सहित स्तरोन्नति सुरु गरेको छ ।

गणित विषयमा अमूर्त धारणाले सिक्न कठिनाई हुने विद्यार्थीलाई प्रयोगशालाका मूर्त सामग्रीबाट सिक्न सिकाउ सहज भएको प्रधानाध्यापक भूपेन्द्र चौलागाईको तर्क छ । बढ्दो आधुनिकीकरण र प्रविधिमैत्री सिकाइका लागि जनप्रिय नमूना माविले केही वर्षयता विषयगत प्रयोगशालाबाट मनग्गे चर्चा बटुलेको छ । देशभरबाट जनप्रिय नमूना मावि अध्ययन अवलोकन भ्रमणमा आउने शिक्षक विद्यार्थीको भीडले त्यस कुराको पुष्टि गरेको छ ।

त्यसो त नमूना विद्यालय जनप्रिय मावि भ्रमण गर्न गत शैक्षिक वर्षमा भरतपूर महानगरपालिका शिक्षा प्रशासक महेन्द्र पौडेल सहितको टोली आईपुग्यो । टोलीमा महानगरभरका प्रधानाध्यापक र सरोकारवालाहरु थिए ।

आफ्नो विद्यालयमा पनि यस्ता विषयगत ल्याव अत्यावश्यक रहेकोले आवश्यक सहजीकरणका लागि जनप्रियसँग उनीहरुले प्राविधिक सहयोगको अपेक्षा समेत गरे ।

सिन्धुलीबाट जनप्रिय आइपुगेको भ्रमण टोलीले पनि जनप्रिय गणित विषय प्रयोगशाला र मिडियाकक्षको खुलेरै प्रशंसा गरे । चर्चा मात्र होईन जनप्रियले त्यसको गरिमालाई अझै बढाउन निरन्तर यस्ता प्रयास र मेहनत पनि गरेको छ । जनप्रियमा मिडियाकक्ष, गणित विषय प्रयोगशाला, विज्ञान प्रयोगशाला, बालीविज्ञानद प्रयोगशाला लगायत प्रयोगात्मक कक्षहरु आकर्षणको केन्द्र रहेका छन् ।

पछिल्लो केहीदिन यता जनप्रिय माविमा जनप्रियका शिक्षक विद्यार्थीसँगै संगीता पुडासैनी, सविता अधिकारी, कमल दाहाल र उद्दव गौतमलगायत गणित विषय प्रशिक्षक सहजकर्ताबाट शैक्षिक सामग्री अध्यावधिक एवम् निर्माण कार्यशाला सञ्चालन भइरहेको छ ।

# हातेमालोद्वारा साँचोजीवन निर्माण अभियान

साझाकुरा संवाददाता



हेटौंडा, ७ जेठ/हेटौंडा उपमहानगरपालिका-२ स्थित हातेमालो बचत तथा ऋण सहकारी संस्थाले साँचोजीवन निर्माण अभियान कार्यक्रम गरेको छ । आइतबार हेटौंडामा एक कार्यक्रम बीच सञ्चालन गरिएको हो ।

संस्थाका अध्यक्ष हरि प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा ९७ जना शेयर सदस्यको सहभागिता रहेको थियो । मावनसेवा आश्रमका देवेश गुप्ताले साँचमोजीवन निर्माणका विषयमा प्रशिक्षण दिएका थिए । संस्थाका सचिव सीताराम दाहालले सञ्चालन गरेको कार्यक्रमलाई उपाध्यक्ष केशवप्रसाद धितालले कार्यक्रमबारे प्रष्ट पारेका थिए ।

सहकारी संस्थाको वार्षिक कार्यक्रमअन्तरगत यो कार्यक्रम गरिएको संस्थाका व्यवस्थापक रमलाकुमारी सापकोटाले बताइन् । उनले कार्यक्रममा संस्थागत गतिविधि र सदस्यको काम, कर्तव्य, अधिकारका विषयमा आफ्नो प्रस्तुति राखेकी थिइन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सहरमा गर्भपतन अधिक

सरकारले गर्भपतन गराउन पाउने कानूनी व्यवस्था गरेपछि बागमती प्रदेशको ग्रामीणक्षेत्र भन्दा शिक्षित मानिएको सहरीक्षेत्रमै बढी गर्भपतन गराउने गरेको तथ्यांकले देखाएको छ । प्रदेशको स्वास्थ्य निर्देशनालयको तथ्यांक अनुसार गर्भपतन गराउनेको संख्या गाउँमा कम र सहरमा बढी रहेको छ । बागमती प्रदेशका १३ जिल्लामध्ये सहरीक्षेत्रका जिल्लामा बढी मात्रामा गर्भपतन गराएको पाइन्छ । निर्देशनालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा काठमाडौंमा ५ हजार ९७ जनाले गर्भपतन गराएका छन् । यस्तै, चितवनमा २ हजार ६११ जना, ललितपुरमा एक हजार ६०१ जना, मकवानपुरमा एक हजार ६७ जना, काभ्रेमा ८६५ जना, धादिङमा ६३१ जना, भक्तपुरमा ४५९ जना, रामेछापमा २१८ जना, सिन्धुलीमा १६८ जना, दोलखामा १४७ जना, नुवाकोटमा ११४ जना, रसुवामा ७ जनाले सुरक्षित गर्भपतन गराएका छन् ।

चालु आर्थिक वर्षमा बागमती प्रदेशमा १३ हजार १९६ जनाले सुरक्षित गर्भपतन गराएको तथ्यांक छ । सहरी अस्पतालमा भरपर्दो सेवा पाइने, जनघनत्व बढी हुने, गाउँभन्दा सहरमा गोपनीयता हुने भएकाले सहरमा सुरक्षित गर्भपतन गराउनेको संख्या धेरै हुने गरेको निर्देशनालयकी नर्सिङ अधिकृत सृजना पन्त बताउँछिन् । रोजगारीका लागि बाहिर जानुपर्दा, करियरका लागि, अनिच्छित गर्भ बस्नाले वा व्यक्तिगत समस्यालगायत कारणले सुरक्षित गर्भपतन गराउने गरेको पाइएको छ । बागमती प्रदेशभर चालु आव २०८०/८१ को पछिल्लो तथ्यांकमा १३ हजार १९६ जनाले सुरक्षित गर्भपतन गराएका हुन् । गत आव २०७९/८० मा १९ हजार २२५ जनाले सुरक्षित गर्भपतन गराएका थिए । यस्तै, आव २०७८/७९ मा सुरक्षित गर्भपतन गराउनेको संख्या १८ हजार ४६३ थियो । आव २०७७/२०७८ मा १४ हजार ६२२ जना, आव २०७६/७७ मा १८ हजार ५३६ जना, आव ०७५/७६ मा १८ हजार ५०५ जनाले सुरक्षित गर्भपतन गराएको स्वास्थ्य निर्देशनालयको तथ्यांक छ । परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालकी स्त्रीरोग वरिष्ठ विशेषज्ञ डा. शान्ति श्रेष्ठका अनुसार पाठेघरमा आएको भ्रुणलाई निकाल्नु नै गर्भपतन हो । नेपालको कानुनअनुसार महिलाको मन्जुरीमा १२ हप्तासम्मको गर्भपतन गराउन पाइने श्रेष्ठले बताइन् । गर्भवती महिलाको ज्यानमा खतरा, जबरजस्ती करणी वा हाडनाता करणी र एचआइभी पोजेटिभ भएको महिलाले २८ हप्तासम्म गर्भपतन गराउन मिल्ने उनको भनाई छ । बागमती प्रदेशमा ६ वर्ष यता १ लाख २ हजार ५४८ जनाले सुरक्षित गर्भपतन गराएका छन् । बागमतीमा ६ वर्षको अवधिमा ६४ हजार १४८ जनाले औषधिको प्रयोगले सुरक्षित गर्भपतन गराएको निर्देशनालयको तथ्यांक छ । जसमा २० वर्षभन्दा कम उमेरका ५ हजार ४३० जना छन् । २० वर्ष वा सो भन्दामाथि उमेर समूहका ५८ हजार ७१८ जना छन् । सर्जिकल विधिबाट ३८ हजार ४०० जनाले सुरक्षित गर्भपतन गराएकोमा २० वर्ष कम उमेरका ४ हजार ७७८ जना र २० वर्ष वा सो भन्दामाथि उमेरका ३३ हजार ६२२ जना छन् ।

कानुनी मान्यता प्राप्त स्वास्थ्यसंस्था, तालिम प्राप्त स्वास्थ्यकर्मी भएको स्थानबाट गर्भपतन गराउन पाइने प्रावधान छ । सुरक्षित गर्भपतनका लागि कानुनमा उल्लेख भएका मापदण्ड पूरा भएमात्रै गर्भपतन गराउन पाइन्छ । 'सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन २०७५ को दफा १५ अनुसार गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ, गर्भवती महिलाको ज्यानमा खतरा वा शारीरिक वा मानसिकस्वास्थ्य खराब हुनसक्ने भनी इजाजतप्राप्त चिकित्सकको रायबमोजिम गर्भवती महिलाको मन्जुरीमा २८ हप्तासम्मको भ्रुणलाई गर्भपतन गराउन मिल्ने प्रावधान छ । ऐनमा होस् ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वा अठार वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षक वा माथवरले मञ्जुरीनामा सेवा दिन सकिने छ भनेर उल्लेख छ । यस्तै, अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नु पर्नेछ भनी उल्लेख गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ९ गते बुधबार २२ मे २०२४ । चतुर्दशी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ६:४९ । अन्तर्राष्ट्रिय जैविक विविधता दिवस । युगकवि सिद्धिचरण श्रेष्ठ जन्म-जयन्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यको अवसर |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# कसरी बढाउने पूँजीगत खर्च ?



✍ केपी पाण्डे

वनको स्वीकृति लिई काम गर्न 'युद्ध जिते सरह' हुने नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बताउने गर्छन् । हाल उद्योगमा लोडसेडिङ छ । प्रसारण लाइन नभएकाले उत्पादित विद्युत् खेर गइरहेको छ । काठमाडौं निजगढ द्रुतमार्ग निर्माण जिम्मा लिएको नेपाली सेनाका प्रमुखले वन तथा स्वयं सरकारी संयन्त्रको अवरोधका कारण तीन वर्ष ढिला भई सन् २०२७ सम्म पुग्ने संसदीय समितिमा सबै राजनीतिक दलका संसद् समक्ष राखे ।

आयोजनाको आधाभन्दा बढी काम सकिँदा समेत आयोजनाको जग्गा प्राप्ति बाँकी छ । यसले अझै थप अनिश्चितता छँदैछ । यी आयोजना सरकारका सबैभन्दा प्राथमिकतामा भएका आयोजना पनि हुन् । सबै राजनीतिक दलले सरकारमा भएका बेला आत्मगौरवसाथ नीति तथा कार्यक्रममा समेटिएका आयोजना हुन् । बडो बिवडम्बना नै भन्नुपर्छ, सरकार स्वयं र प्रतिपक्षमा समेत प्राथमिकतामा देखिँदैन । स्वयं सरकारी आयोजना कार्यान्वयनमा यतिविधि अवरोध छन् भने निजी क्षेत्रका आयोजना कार्यान्वयन कति कठिन छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ । लगानी सम्मेलनका अवसरमा केही ऐन अध्यादेशबाट संशोधन भए । तर, पूर्वाधार आयोजनाले बेहोरेका समाधान हुने गरी ठोस उपलब्धि हुने देखिएको छैन ।

पूर्वाधार आयोजना समयमा नबन्दा हामीले सामाजिक तथा आर्थिक लाभ गुमाउने, लागत बढ्ने र त्यस आयोजनाका कारण पर्ने सकारात्मक लाभसमेत मुलुकका लागि लागत हुन् । एक आयोजना काठमाडौं-निजगढ द्रुतमार्गको उदाहरण लिऔं । मुख्य व्यापारिक केन्द्र वीरगञ्ज लगायत पूर्वी क्षेत्रबाट हुने ढुवानीको दुरी कम गर्न यो द्रुतमार्गको अवधारणा आएको थियो । यसको निर्माणले निजगढ पूर्वबाट नारायणगढ हुँदै आवत जावत गर्ने सवारी तथा ढुवानी साधनको दुरी, लागत, समय समेत बचत हुने अनुमान हो । यो सरकारको राष्ट्रिय गौरवको आयोजना पनि हो । यस आयोजनाको सन् २००७ मा लागत ७० अर्ब अनुमान गरिएको थियो । २०१३ मा १ खर्ब ४२ अर्ब अनुमान गरियो । कार्यान्वयनमा जाँदा २ खर्ब १३ अर्ब अनुमान छ । २००७ को तुलनामा कार्यान्वयनमा जाँदा तीन गुणा लागत बढेको छ ।

आयोजना निर्माण एक वर्ष ढिला हुँदा १३ अर्ब राज्यको लागत बढेको छ । आयोजनाको लाभसमेत गुमेको छ । हाल नारायाणढ पूर्वबाट काठमाडौं आउने सवारीसाधन निजगढ नारायणगढ हुदै काठमाडौं आउनुपर्छ । यी सवारी साधनले निजगढबाट नारायणगढ १ सय २९ किलोमिटर र नाराणगढ-काठमाडौं १ सय ४६ किलोमिटर गरी २ सय ७५ किलोमिटर दुरी पार गर्नुपर्छ । एकतर्फी दुरी पार गर्न ९ घण्टा लाग्छ ।

यो मार्ग सञ्चालन हुँदा ७२ किलोमिटर दुरी एक घण्टामा पार गर्न सकिन्छ । यसबाट ८ अर्बको पेट्रोलियम पदार्थ बचत हुन्छ । एक यात्रुको दैनिक ८ घण्टा बचत हुन्छ । ढुवानी लागत ६० प्रतिशत कम हुन्छ । ओसारपसार गर्ने मालवस्तुको लागत कम हुन्छ । वातावरणीय प्रदूषण कम हुन्छ । भारतीय र चिनियाँ पर्यटक आगमन उल्लेख्य बढ्छ । सडक सुरक्षा बढ्छ । सवारीसाधन आयात कम हुँदा विदेशी मुद्रा बचत हुन्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्गोको भार कम हुनेछ । यसका अतिरिक्त सर्वसाधारणका लागि अनगिन्ती अप्रत्यक्ष लाभ प्राप्त हुन्छ । पूर्वाधार निर्माणका कारण अर्थतन्त्रको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा सकारात्मक प्रभाव पर्ने हुन्छ । पूर्वाधार समयमा नबन्दा मुलुकले बेहोर्नुपर्ने, थप लागत, गुमाउनुपर्ने सामाजिक र आर्थिक लाभ साथै अर्थतन्त्रमा पर्ने सकारात्मक प्रभाव सबै गुमाएका छौ ।

### विद्यमान अवस्था

नेपालको पूर्वाधारको कमीका कारण प्रतिस्पर्धी क्षमता अतिकम विकसित मुलुकको तुलनामा कमजोर रहेको विश्व आर्थिक मञ्च पछिल्लो प्रतिवेदनबाट देख्न सकिन्छ । हामीले पूँजीगत खर्चलाई तीर्व्रता दिन नसकेमा अर्थतन्त्र दक्ष हुन सक्दैन । भारत, बंगलादेश, चीनजस्ता देशका अनुभवले पनि अर्थतन्त्रको तीव्र विस्तारका लागि पूर्वाधारमा नै लगानी गर्नुपर्ने देखिन्छ । पूर्वाधार निर्माण गतिले अर्थतन्त्र विस्तारको गति निर्धारण हुन्छ । विगत ३० वर्षको हाम्रो औसत आर्थिक वृद्धि ४.३ प्रतिशत हो । गत वर्ष १.९ प्रतिशत र चालु वर्ष ३.८ प्रतिशतमात्र छ । लावोस, भियतनाम, भुटानजस्ता देशले यही अवधिमा ६.५ प्रतिशत, कम्बोडियाले ५.५ प्रतिशतले अर्थतन्त्र विस्तार गरेका छन् । छिमेकी भारत र बंगलादेशको आर्थिक वृद्धि विश्वमै लोभलाग्दो छ ।

यी देशमा यस वर्षको पछिल्लो त्रैमासमा क्रमशः ८ र ६.५ प्रतिशतले अर्थतन्त्र विस्तार गर्ने अनुमान विश्व बैंकको छ । नेपालमा पूर्वाधारमा जीडीपीको वार्षिक १५ प्रतिशत लगानी हुनुपर्ने विश्व बैंकको प्रतिवेदनले पाँच वर्ष अघि नै सुझाव पनि दिएको छ । १५औं योजनाले चालु वर्ष जीडीपीको १६.५ प्रतिशत पूँजीगत खर्च लक्ष्य पनि राखेको थियो । तर, साधन र स्रोत कमीका कारण चालु वर्षको बजेटले जीडीपीको ५ प्रतिशतमात्र बजेट विनियोजन गरेको छ । पछिल्ला दिनसम्म विनियोजनको ३५ प्रतिशतमात्र खर्च छ । हामो अनुभवमा विनियोजनको ७० प्रतिशत खर्च हुन्छ । वर्षको अन्तिममा खर्च गर्दा पूर्वाधारको गुणस्तर निकै खस्केको छ । कम गुणस्तरको निर्माणले आयोजनाबाट लाभ साटो उल्टै प्रत्येक वर्ष साधारण खर्च चालु वर्षको बजेटले ३.०२ खर्ब पूँजीगत खर्च विनियोजन गरेको थियो । १५ वैशाखसम्म आर्थिक वर्षको ८० प्रतिशत समय समाप्त भएको छ । यस अवधिमा ३४ प्रतिशतमात्र अर्थात् १.०२ खर्ब खर्च भएको छ । गत वर्ष यसै अवधिमा १.१७ खर्ब तथा २०७९ मा १.११ खर्ब पूँजीगत खर्च भएको थियो । अर्थतन्त्रमा पूँजीगत खर्च विनियोजन तथा वास्तविक दुवै घट्दै गएको छ । २०८०/८१ मा १.१७ खर्ब खर्च भएकोमा यस वर्ष १.०२ खर्बमात्र खर्च छ । अब चालु वर्षको २० प्रतिशतमात्र समय बाँकी छ र ६६ प्रतिशत खर्च गर्नुपर्ने छ ।

### पूँजीगत खर्चको विगत

सार्वजनिक खर्चमा विगत ३० वर्षमा संरचनात्मक परिवर्तन छ । पछिल्ला वर्षहरूमा चालु खर्च अनुपात बढ्न गएको छ भने पूँजीगत खर्च अनुपात घटेको छ । आव २०४५/४६ मा जीडीपीको १३.८ प्रतिशत रहेको पूँजीगत खर्च आर्थिक वर्ष २०७९/८० मा ४ प्रतिशतमा सीमित छ । यो दक्षिण एसियाली मुलुक तथा कम विकसित मुलुकभन्दा कम हो । २०४२ देखि २०४७ सम्म पञ्चायतकालमा विकास खर्चको अंश ६७.७ प्रतिशत र चालु खर्च ३२.३ प्रतिशत थियो । २०४८ देखि २०६३ सालसम्ममा प्रजातन्त्र कालमा साधारण खर्च ५३.५ प्रतिशत र पूँजीगत खर्च ४६.५ प्रतिशत थियो । मुलुकमा गणतन्त्र स्थापना भएपछि पूँजीगत खर्च २६ प्रतिशत छ । चालु वर्ष पूँजीगत खर्च विनियोजन पूँजीगत खर्चको अंशमात्र १७ प्रतिशत छ । चालु खर्चको अनुपात ८३ प्रतिशत रहेको छ । वास्तविक पूँजीगत खर्च कुल बजेटको १५ प्रतिशतभन्दा कम छ ।

### छिमेकी देशका अनुभव

छिमेकी देश चीन, भारत र बंगलादेशमा अर्थतन्त्र उच्च गतिले विस्तार भएको छ । चीनले पूर्वाधार क्षेत्रमा १४ सय ३० खर्ब रुपैयाँ खर्च गर्ने छ । भारतमा 'भिजन २०४७' मा विकसित राष्ट्रका रूपमा स्तरोन्नतिका लागि पूर्वाधार क्षेत्रमा २०२४ देखि २०३० मा वार्षिक ३ खर्ब डलर खर्च गर्ने लक्ष्य छ । भारतले सडक निर्माणलाई मुख्य रणनीतिक औजारका रूपमा लिएको छ । चीनको अर्थतन्त्र यस वर्ष शिथिल भए पनि उच्च दरको आर्थिक वृद्धि भएको देश हो । यसले पूर्वाधारमा गरेको लगानीका कारण उच्च दरको आर्थिक वृद्धि सम्भव भएको हो । भारत तथा चीनले सडक सञ्जाल विस्तार, रेलवे र जलमार्ग विस्तारका आधारमा विकसित मुलुक सरह अर्थतन्त्रको दक्षता बढाएका छन् । भारतको पछिल्लो १० वर्षमा भएको प्रगति प्रतिवेदनका अनुसार २०१४ पछि सडक यातायात पहुँचमा ५ सय प्रतिशत वृद्धि छ । राष्ट्रिय राजमार्ग ६० प्रतिशतले बढेको छ । राजमार्ग निर्माण प्रतिदिन ३७ किलोमिटर छ । राष्ट्रिय राजमार्ग निर्माण गति १२.१ किलोमिटर प्रतिदिनबाट २८.३ किलोमिटर पुगेको छ ।

१० वर्षमा ३ लाख ७५ हजार किलोमिटर ग्रामीण सडक विस्तार भएको छ । ९९ प्रतिशत ग्रामीण बासिन्दा सडक सञ्जालसँग जोडिएका छन् । ९३.८३ प्रतिशत ब्रोडगेज रेलवे विद्युतीकरण गरिएको छ । पाँच सहरमा रहेको मेट्रोरेल २१ सहरमा विस्तार भएको छ । मेट्रोरेलको दुरी ६ सय ९७ किलोमिटर बढेको छ । विमानस्थल ७४ बाट १ सय ५८ पुगेको छ । रोप्याक्स सर्भिस सञ्चालन गरेको छ । रोपवे सेवाका ३२ आयोजना विस्तार गरी २ सय आयोजना विकास गरिएको छ । रोप वे सेवा सहरी भीड तथा पहाडी क्षेत्रमा सुरक्षित यातायातका साधनका रूपमा विकसित र प्रवर्द्धन गरेको छ । कम इन्धनमा चल्ने भएकाले जलयातायात सबैभन्दा सस्तो र वातावरणमैत्री ढुवानीको साधन मानिन्छ ।

एक लिटर पेट्रोलियम पदार्थले एक किलोमिटर सडकबाट २४ टन, रेलबाट ८५ टन र जलयातायातबाट १०५ टन ढुवानी हुने देखिएको छ । सडक ढुवानीभन्दा जलयातायातबाट हुने ढुवानीको लागत आधामात्र छ । भारतमा सडकबाट ढुवानी गर्दा एक किलोमिटरका लागि २.२८ रुपैयाँ, रेप वेबाट १.४१ र जलयातायातबाट १.१९ मात्र छ । जलमार्ग निर्माणमा भारतले १ सय ११ राष्ट्रिय जलमार्ग विकास गरिएको छ । भारतमा २१ हजार किलोमिटर जलमार्ग विकसित भइरहेको छ । बंगलादेशले स्वदेशी लागतमा नै ६.१५ किलोमिटरको बहुउद्देश्यीय पदमा ब्रिज ३ अर्ब ६० करोड डलरमा सम्पन्न गरेको छ । यसबाट ३० लाख व्यक्तिलाई लाभ पुग्ने तथा बंगलादेशको अर्थतन्त्र १.२ प्रतिशत विस्तार हुनेछ । बंगलादेश २०५० सम्म विश्वको २३ औं ठूलो अर्थतन्त्र हुनेछ ।

पूर्वाधारमा गरिएको लगानीका कारण बंगलादेशको निर्माण क्षेत्र ८.५ प्रतिशतले बढेको छ । बंगलादेशले रेल वे, मेट्रोरेल, बन्दरगाह निर्माण तथा विस्तारमा तीव्रता दिएको छ । पूर्वाधारमा बंगलादेशले २०३० सम्म २५ अर्ब डलर खर्च गर्ने योजना बनाएको छ ।

### सुधारका क्षेत्र

विश्व बैंकले १५ वर्षसम्म जीडीपीको १५ प्रतिशत लगानी पूर्वाधार क्षेत्रमा गर्नुपर्ने सुझाव दिएको छ । ऊर्जा मन्त्रालयले हालै १२ वर्षमा २९ हजार मेगावाट विद्युत उत्पादन गर्ने नयाँ लक्ष्यसहित ऊर्जा विकास मार्गचित्र ल्याएको छ । त्यसमध्ये १५ हजार मेगावाट विद्युत् निर्यात र ऊर्जा खपतलाई २०३५ मा प्रतिव्यक्ति ऊर्जा खपत १ हजार ५ सय युनिट पुऱ्याउने लक्ष्य छ । हाल प्रतिव्यक्ति ऊर्जा खपत ३ सय ८० युनिट छ । जलविद्युत् क्षेत्रमा उत्पादन गर्न वार्षिक १० खर्ब लगानी आवश्यक पर्ने देखिन्छ । सडक निर्माणका लागि २०३० सम्म रणनीतिक सडक मर्मत गर्न ७ अर्ब अमेरिकी डलर र मुख्य सडक निर्माण गर्न ७ अर्ब ५० करोड डलर आवश्यक भएको अनुमान छ । सरकारले हालको स्रोतबाट लगानी गर्दा २०३० सम्म ५ अर्ब ६० करोड डलर न्यून हुने अनुमान छ ।

सहरी यातायात व्यवस्थापनमा ३ अर्ब डलर कम छ । विमानस्थल निर्माण तथा मर्मतमा २०३० सम्म ३ अर्ब डलर आवश्यक हुने अनुमान छ । सहरी विकासका लागि झन्डै ४ खर्ब खर्च गर्नुपर्ने अनुमान छ । सहरी विकासका लागि २०४० सम्म प्रतिव्यक्ति ४ हजार खर्च हुनुपर्ने अनुमान छ । मुलुकको आम्दानीको स्रोत राजस्व हो । तर, पछिल्लो समय क्रमशः घट्दै छ । आर्थिक वर्ष २०७५/७६ मा जीडीपीको २२.३ प्रतिशत रहेको राजस्व हिस्सा गत वर्ष १९ प्रतिशतमा सीमित भएको छ । अनौपचारिक अर्थतन्त्र नियन्त्रण गरी राजस्व बढाउनुपर्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको सुझाव छ । तर, नेपालको कर अनुपात अन्य देशको तुलनामा उच्च छ । वैदेशिक अनुदान चालु वर्ष ३ अर्बमात्र प्राप्त भएको छ । वैदेशिक अनुदान बढ्न सक्ने सम्भावना पनि छैन ।

नेपाल सन् २०२६ पछि विकासशील मुलुकका रूपमा स्तरोन्नति भएपछि सहुलियत ऋण पाउन सक्ने सम्भावना कम हुनेछ । मुलुकले अब ढिला नगरी पूँजीगत खर्चलाई तीव्र गतिमा बढाउनुपर्ने हुन्छ । यसका लागि स्वदेशमा रहेको आन्तरिक स्रोत तथा पूँजीबजार परिचालन नै सबैभन्दा सहज उपाय हुनेछ । पूर्वाधार निर्माणमा हुने ढिलाइले अर्बौं लागत अर्थतन्त्रमा थपिएको छ । अर्बौंको लाभ गुमाएका पनि छौं । आगामी वर्षको बजेटलाई पूँजीगत खर्चको बजेट र आगामी दशकलाई पूर्वाधार निर्माणको दशकका रूपमा घोषणा गरौं । परम्परा तोडेर आगामी वर्षको बजेटमा साधन र स्रोत परिचालनमा महात्वाकांक्षी भई तर्जुमा गरौं । पूँजीगत खर्च सम्बन्धमा सुशासन प्रवर्द्धन गरौं । यसको अगुवाई सरकारले गर्नुपर्छ । पूँजीगत खर्च बढाउन सकिए हाल देखापरेको आर्थिक शिथिलता कम गरी निजी क्षेत्रलाई प्रोत्साहन हुनेछ ।

मुलुकको लगानी, उत्पादन, निर्यात, राजस्व, रोजगारी, बैंक, बीमा लगायत सेवा व्यवसायमा सकारात्मक सन्देश प्रभाव पर्ने छ । पूर्वाधारको तीव्र विकासका लागि स्रोत परिचालनलाई प्राथमिकता दिई खासगरी देहाय बमोजिम सुझाव प्रस्तुत गरिएको छ :

१. यस वर्षसमेत सरकारको अपेक्षा अनुसार राजस्व संकलन भएको छैन । आर्थिक वर्ष समाप्त हुँदासम्म अनुमानको ७० प्रतिशत राजस्व संकलन होला । अर्थतन्त्र शिथिल छ । यस समयमा सरकारले नै सक्रिय भई खर्च बढाउँदा आर्थिक गतिविधि बढ्छ । हाल बैंङ्कि क्षेत्रमा ६ खर्ब ५० अर्बको अधिक तरलता छ । यस अवस्थामा सरकारले थप आन्तरिक ऋण लिई पूँजीगत खर्च बढाउन सक्छ र निर्माणाधीन पूर्वाधार आयोजना समयमा नै सम्पन्न हुनेछन् ।

२. सरकारले विकास ऋणपत्रलाई थप प्रभावकारी रूपमा परिचालन गर्न सक्छ । यो सरकारको दीर्घकालीन स्रोत परिचालनको औजार हो । विकास ऋणपत्रको अवधिभरि निश्चित दरको ब्याज पाइने भएकाले कम जोखिम लिने सर्वसाधारणका लागि आकर्षक लगानीको अवसर पनि हो । दीर्घकालीन प्रकृतिको भएकाले सरकारलाई तत्काल भुक्तानीको चाप हुँदैन ।

अर्थतन्त्र विस्तारपछि राजस्व परिचालन गरेर भुक्तानी गर्न सकिन्छ । पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूको न्यून ब्याजदरका कारण निक्षेपकर्ता र धितोपत्र लगानीकर्ताहरू नयाँ अवसर खोजेका पनि छन् । अन्य क्षेत्रसमेत अनिश्चित र न्यून प्रतिफलका कारण विकास ऋणपत्रमा आकर्षित हुनेछन् ।

कर पनि छुट हुने, सरकारी भएकाले बढी विश्वसनीय र दीर्घकालीन प्रकृतिको भएकाले प्रत्येक वर्ष प्रतिफल घट्ने जोखिमबाट मुक्त पनि हुन मिल्ने देखिन्छ । विकास ऋणपत्रलाई दोस्रो बजारमा प्रभावकारी रूपमा कारोबार हुने अवस्था भए अझ आकर्षण बढ्न सक्छ । मुद्रास्फीति अनुरूप ब्याजदरमा समायोजन गर्दै जाने व्यवस्था गर्दा सरकारको स्रोत परिचालन तथा लगानीकर्ताका लागि आकर्षक लगानीको क्षेत्र बन्न सक्छ ।

३. वैदेशिक ऋण थप परिचालन गरी पूँजीगत खर्च बढाउन सकिन्छ । नेपालको सार्वजनिक ऋण अन्य मुलुकको तुलनामा कम अर्थात् जीडीपीको ४३ प्रतिशतमात्र छ । सार्क मुलुकहरूको सार्वजनिक ऋण जीडीपीको ८६ प्रतिशत छ । अन्तर्राष्ट्रिय प्रतिवेदनले नेपालले थप ऋण लिन सक्ने औंल्याएका छन् । हाल नेपालल लिएको ऋण सहुलियत ब्याजदरको हो । २०२६ मा स्तोन्नतिपछि कम विकसित देशले पाएको सहुलियत ऋण पाउने अवस्था हुँदैन । दीर्घकालीन वैदेशिक ऋण लिई पूर्वाधार क्षेत्रमा खर्च हुँदा मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ ।

### निजी क्षेत्र परिचालन

४. पूर्वाधारका क्षेत्र जस्तै, सूचना तथा सञ्चार, ऊर्जा उत्पादन, पर्यटन क्षेत्रको पूर्वाधारमा निजी क्षेत्रको उल्लेखनीय लगानी छ । यस अतिरिक्त विमानस्थल निर्माण तथा सञ्चालन, औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन, विशेष आर्थिक क्षेत्र निर्माण तथा सञ्चालन, राष्ट्रिय निकुञ्ज निर्माण तथा सञ्चालन, केबुलकार, रोपवे जस्ता क्षेत्रको विस्तारमा ठूलो जोखिम नभएकाले कर तथा ब्याजमा सहुलियत दिने र आवश्यक जग्गाको व्यवस्था सरकारले गरिदिए निजी क्षेत्र सहजै आकर्षित हुन सक्ने क्षेत्र हुन् । यी क्षेत्रमा बजेटले सहुलियत दिई लगानी आकर्षण गर्न सक्छ ।

५. नेपाल राष्ट्र बैंकले जलविद्युत् क्षेत्रमा कुल कर्जाको १० प्रतिशत लगानी गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । एकल कर्जा सीमामा सरलीकरण समेत गरेको छ । तर, जलविद्युत् क्षेत्रमा लगानी गर्न बैंकहरूसँग आवश्यक मात्रामा पूँजी परिचालन गर्ने क्षमता छैन । हाल बैंकको विद्यमान कानुनी व्यवस्थाका कारण पनि सम्भव छैन । यथास्थितिमा पूर्वाधार लगानी गर्न आवश्यक पूँजी नभएका कारण लगानी प्रोत्साहित गर्न वित्तीय जोखिम समेत बढ्ने देखिन्छ । पूर्वाधारमा लगानी गर्न बैंकहरूको विद्यमान पूँजीगत संरचना न्यूनतम दोब्बर हुनुपर्छ । साथै, सरकारी बैंकहरू मर्जर गर्दा ठूलो पूँजी कोष हुन्छ ।

यी बैंकलाई पूर्वाधार क्षेत्रमा लगानी गर्न सक्ने गरी व्यवस्था गर्न सकिन्छ । साथै, पूँजीको आकार राम्रो रहेका ठूला निजी क्षेत्रका बैंकले समेत लगानी गर्न पाउने व्यवस्था गर्न सकिन्छ । कुल कर्जाको २० प्रतिशत लगानी गर्नुपर्ने बाध्यात्मक व्यवस्था गर्न सकिए हालको आवश्यकता केही हदसम्म पूरा गर्न सकिन्छ ।

६. खासगरी ठूला परियोजनाले स्वयम् पूर्वाधार बन्ड जारी गर्ने व्यवस्था हुन सक्छ । जलविद्युत् जस्ता क्षेत्रको निर्माण अवधि बढी हुन्छ । बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर लगानी गर्दा सञ्चालन हुनुपूर्व नै कर्जा भुक्तानी गर्ने अवधि आउन सक्ने हुन्छ । जलविद्युत् तथा पूर्वाधार परियोजनाले साधारणतया १० वा १५ वर्षको बन्डमार्फत लगानी परिचालन गर्न सक्छ ।

त्यसैगरी ब्याजदर समेत निश्चित हुन्छ । बैंक तथा वित्तीय संस्थामा जस्तै ब्याजदर उतार चढाव पनि हुँदैन । बैंक तथा वित्तीय संस्थाबाट प्रतिबद्धता गरेका कर्जासमेत समयमा नदिएको अनुभव छ । यो समस्या समेत सहज हुन जाने हुन्छ ।

७. अर्को मुख्य औजार भनेको पूर्वाधार बन्ड हो । यो बन्ड पूर्वाधार क्षेत्रमा लगानी गर्न स्थापना गरिन्छ । यस बन्डको भुक्तानी नहुने अवस्था भए भुक्तानी हुने प्रत्याभूति सरकारबाट गरिएको हुन्छ । खासगरी, सानो आकारका परियोजना र कम रकम आवश्यक पर्ने परियोजनाका लागि आवश्यक पूँजी व्यवस्था गर्न पूर्वाधार बन्ड प्रयोग गर्न सकिन्छ ।

नेपालमा सरकारले विद्युतीय आयोजनाको वित्तीय व्यवस्थापनका लागि हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड स्थापना गरेको छ । यो संस्थाको क्षमता अभिवृद्धि गरी साना जलविद्युत् आयोजनाका लागि आवश्यक लगानी जुटाउन सक्ने गरी आवश्यक व्यवस्था हुनुपर्छ ।

८. पूर्वाधार क्षेत्रमा लगानी गर्न पूर्वाधार विकास बैंक स्थापना गरिएको छ । तर, पूर्वाधार विकास बैंकको अवधारणा अनुरूप काम प्रभावकारी हुन सकेको छैन । पूर्वाधार विकास बैंकको हालको कार्य विस्तार गरी आवश्यक पूँजी संकलन गर्न सक्ने गरी विस्तार हुनपर्छ । यस पूर्वाधार विकास बैंकले स्वदेश वा विदेशमा समेत बन्ड जारी गरी पूँजी संकलन गर्न सक्छ । यी संस्थाले बन्ड जारी गर्दा बढी विश्वसनीय समेत हुन्छ । विदेशमा ब्याजदर कममात्र पाइने भएकाले विदेशी लगानीकर्ता नेपालबाट जारी भएको बन्ड खरिद गर्न आकर्षित हुनेछन । यस किसिमका बन्डको खरिद-बिक्री र ब्याजमा कर नलाग्ने व्यवस्था हुनुपर्छ र साथै सरकारले आवश्यकता अनुसार मुद्रास्फीतिको दरमा ब्याजदरमा समायोजन गर्ने व्यवस्था समेत हुनुपर्ने देखिन्छ । यी संस्थाबाट सरकारी वा निजी क्षेत्रका आयोजनाले ऋण लिन पाउने व्यवस्था हुनुपर्दछ ।

९. बढी जोखिम भएका परियोजनामा निजी क्षेत्र आकर्षित नहुन सक्छ । यी क्षेत्रमा लगानी बढाउन संसारभरि वार्षिक प्रणाली र 'भाइबिलिटी ग्याप' जस्ता औजार प्रयोग गर्न सकिन्छ । यी औजार प्रयोग गर्दा सरकारले ठूलो लगानी गर्नुपर्दैन । सरकारले लागत र आम्दानीको फरक रकम योगदान दिएर कार्यान्वयनमा लैजान सकिन्छ ।

आर्थिक सम्भाव्य तर वित्तीय रूपमा सम्भाव्य नभएका परियोजनामा यो तरिका प्रयोग गर्दा प्रभावकारी देखिएको छ । सरकारसँग पूर्वाधार निर्माणको सीमित पूँजी छ । पूर्वाधार निर्माणमा सार्वजनिक खरिदका झन्झट पनि अति धेरै छन । यस प्रणालीले धेरै जोखिम भएका क्षेत्रमा निजी क्षेत्र लगानी गर्न उत्साहित हुन सक्छ र साथै निजी क्षेत्रको लगानी तथा दक्षताले आयोजना छिटो बन्छ ।

१०. पूर्वाधारमा लगानीका लागि सम्भाव्य क्षेत्र खासगरी दीर्घकालीन प्रकृतिका कोषहरूबाट गर्न सकिन्छ । विश्वभरि पेन्सन फन्डजस्ता लामो सयमसम्म सञ्चालन भएका संस्थाले पूर्वाधारमा लगानी गर्ने गरेका छन् । नेपालको सन्दर्भमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषजस्ता कोषबाट रकम परिचालन गर्न सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# ६ वटा प्रतिष्ठानले एमबीबीएस पढाउने तयारी, पाठ्यक्रम तयार पारिँदै

काठमाडौं/सरकार मातहतका ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु आगामी शैक्षिक सत्रदेखि एमबीबीएस कार्यक्रम सुरु गर्न पाठ्यक्रम तयारीमा जुटेका छन् ।

धुलिखेलमा शनिबार देखि चलेको चिकित्सा शिक्षा आयोग, ६ वटा प्रतिष्ठानका पदाधिकारी र विज्ञहरुको छलफलले पाठ्यक्रमका लागि पहिलो चरणमा साझा ढाँचा तयार पारेको छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स), राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको संयुक्त आयोजनामा पाठ्यक्रम तयार पार्ने काम भइरहेको हो ।



न्याम्सका उपकुलपति डा. भुपेन्द्रकुमार बस्नेतले आगामी शैक्षिक सत्रदेखि नै एमबीबीएस कक्षा सञ्चालन गर्ने तयारी भएको जानकारी दिए । त्यसका निम्ति चिकित्सा शिक्षा आयोगबाट हुने सेल्फ अप्राइजल पास, पूर्वाधार तथा जनशक्तिको तयारीमा प्रतिष्ठानहरु जुटेका छन् ।

त्यसै आधारमा सबै प्रतिष्ठानका प्रतिनिधिबाट एक कार्यदल बनाएर पाठ्यक्रम निर्माणको काम अगाडि बढाउने जिम्मेवारी दिएको उनले बताए ।

'६ वटा नै प्रतिष्ठानले यसवर्षका एमबीबीएसको कार्यक्रम सुरु गर्ने गरी पाठ्यक्रमको खाका तयार गरेका छौं', डा. बस्नेतले संचारकर्मीसँग भने, 'पाठ्यक्रम पठाउने विषय विज्ञ सबैको प्रतिनिधि बसेर निष्कर्ष निकालिएको हो ।'

बस्नेतका अनुसार उक्त छलफलमा चिकित्सा शिक्षा आयोगको एमबीबीएस सम्बन्धी पाठ्यक्रमको फ्रेमवर्क, न्याम्स र पोखरा स्वास्थ्य विज्ञानले तयार पारेका पाठ्यक्रमको फ्रेमवर्क र प्रारम्भिक मस्यौदा प्रस्तुत गर्दै छलफललाई अगाडि बढाइएको थियो । त्यसपछि एमबीबीएसको पाठ्यक्रममा रहने विषयवस्तुहरुलाई विभिन्न समूहमा विभाजन गर्दै सुझाव लिने काम भएको थियो । छलफलमा छ वटै प्रतिष्ठानका उपकुलपति, रेक्टार, डिन, रजिष्ट्रार लगायतका प्रतिनिधिहरु सहभागी भएका थिए ।

डा. बस्नेतका अनुसार सरकारका ६ वटै प्रतिष्ठानमा यसै वर्षदेखि पठनपाठन सुरु हुने हो भने ६०० जनाले एमबीबीएस अध्ययन गर्न पाउनेछन् । न्याम्सले १०० सिट क्षमतामा एमबीबीएस अध्यापन गराउने र राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ अनुसार त्यसमध्ये ७५ प्रतिशत छात्रवृत्ति सिट छुट्याइने डा. बस्नेतले बताए । यसरी छुट्टाउँदा ७५ प्रतिशत छात्रवृत्ति दिने हिसाबले हेर्दा ४५० जनाले निःशुल्क अध्ययन गर्न पाउँछन् ।

'सरकारका यी ६ वटै प्रतिष्ठानसँग पर्याप्त मात्रामा फ्याकल्टी छ । अस्पताल छ। अब केही बेसिक साइन्सका फ्याकल्टी र कक्षाकोठा थप्ने हो भने सबै मापदण्ड पुग्छ', उनले भने, 'बिरामी प्रर्याप्त भएकाले सयभन्दा बढी विद्यार्थीलाई पठाउन सक्ने क्षमता छ ।'

पाठ्यक्रमलाई सेमेस्टर प्रणाली अनुसार तयार पार्ने, अध्ययनका क्रममा विद्यार्थीहरु फेल भए भने उनीहरुको पुन परीक्षा (ब्यारिएर), पाठ्यभारहरु ओभरल्याप हुने लगायतका विषयमा छलफल भएको उनले बताए ।

सरकारलाई अहिले एमबीबीएस कार्यक्रम सञ्चालन गर्नका लागि नयाँ मेडिकल सञ्चालन गर्ने हो भने अर्बौं भार पर्ने हुने र भइरहेको मेडिकल कलेजमा सञ्चालन गर्न खर्च एकदमै कम हुने उनको भनाइ छ । न्याम्सले अहिले एमडी/ एमएस, नर्सिङ, तथा विभिन्न प्राविधिक विषयहरुमा स्नातक र स्नातकोत्तर गरी चिकित्सा शिक्षाका ६८ वटा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को प्रतिष्ठानको काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थामा प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमको स्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, अस्पताल वा शैक्षिक संस्थाहरुसँग समन्वय र सम्झौता गर्नसक्ने उल्लेख छ ।

तर चिकित्सा शिक्षा ऐनमा 'ऐन प्रारम्भ भएपछि दस वर्षसम्म काठमाडौं उपत्यकाभित्र मेडिकल, डेन्टल र नर्सिङ विषयमा स्नातक कार्यक्रम सञ्चालन गर्नका लागि शिक्षण संस्था स्थापना गर्न र सञ्चालन गर्न आशयपत्र प्रदान गरिने छैन' भन्ने उल्लेख छ ।

अर्थात् ऐनले नयाँ शैक्षिक संस्था स्थापनाका निम्ति मात्रै १० वर्षे प्रावधान लागू हुने स्पष्ट पारेको छ । हाल सञ्चालन भइरहेकै स्नातकका अन्य कार्यक्रममा एमबीबीएस थप गर्न लागि चिकित्सा शिक्षा ऐनले कुनै बाधा नगर्ने डा. बस्नेतको भनाइ छ ।

'प्रतिष्ठानले नै कार्यक्रम सञ्चालन गर्ने र पठनपाठनको मान्यता दिन्छ । यसका लागि विश्वविद्यालयको सम्बन्धन लिन पर्दैन', डा. बस्नेतले भने, 'नयाँ मेडिकल खोलेर कार्यक्रम सञ्चालन गर्दा ऐनले रोक लगाउँछ । तर कार्यक्रम सञ्चालन भइरहेका प्रतिष्ठानमा थप कार्यक्रम सुरु गर्न ऐनले कुनै अवरोध गर्दैन ।'

एमबीबीएसको पाठ्यक्रम बनाउनका लागि सल्लाह, सुझाव दिन प्रतिष्ठानले चिकित्सा शिक्षा आयोगलाई बोलाएको उपाध्यक्ष डा. अञ्जनीकुमार झाले बताए ।

'हामीले पाठ्यक्रम बनाउन राम्रो कुरा हो बनाउनुहोस् भनेका थियौं । तर कुन प्रतिष्ठानले कसरी सञ्चालन गर्दै हुनुहुन्छ भन्ने विषयमा आयोगलाई कुनै औपचारिक पत्र आएको छैन,' डा. झाले भने ।

प्रतिष्ठानहरुले एमबीबएस कार्यक्रम सञ्चालन गर्नका लागि चिकित्सा शिक्षा ऐनले रोक्छ भन्ने प्रश्नमा उनले प्रतिष्ठानले निवेदन दिएपछि ऐनमा भएको कुरा हेरेर निर्णय गरिने उनले बताए । 'ऐनमा भएको कुरालाई टेकेर काम गर्नुपर्छ । उहाँहरूले कसरी निवेदन माग्नुहुन्छ । त्यसपछि मात्रै भन्न सकिएला,' डा. झाले भने ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की'मा पीडित चरित्रमा छु : अञ्जना बराइली

काठमाडौं/गायक सुजन चापागाईको लोकप्रिय गीत 'घुमी घुमी'मा अभिनय गरेपछि चर्चामा आएकी अभिनेत्री अञ्जना बराइलीले 'महापुरुष'बाट फिल्ममा डेब्युको मौका पाइन् । अब उनको दोस्रो फिल्म 'पूजार सार्की' यही जेठ १० गते (बुद्ध जयन्ती)बाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ । दुवै फिल्ममा उनी अडिसनबाट छानिएकी हुन् । 'पूजार सार्की'को अडिसन भने 'क्यारेक्टर'का लागि थियो ।



गत वर्ष तिहारको माहौलमा निर्देशक दिनेश राउतले अञ्जनाको इन्स्टाग्राममा सन्देश लेख्दै मोबाइल नम्बर मागे । अञ्जनाले आफ्नो नम्बर दिएपछि दिनेश र अञ्जनाबीच कुराकानी भएको थियो । 'घुमी घुमी' गीतमा अञ्जनाले गरेको अभिनय हेरेर दिनेशले फिल्ममा उनलाई 'कास्ट' गर्ने सोच बनाएर कुरा अगाडि बढाएका थिए । त्यसपछि अञ्जनाले फिल्मको 'मैयाँ' पात्रका लागि अडिसन दिइन् ।

'फिल्मका लागि मैले दुईपटक 'लुक टेस्ट' दिएँ । 'महापुरुष'मा पनि अडिसन दिएकाले अडिसन दिन मलाई केही गाह्रो भएन । तर, पहिलो 'लुक टेस्ट'मा क्यारेक्टरको टोन बढी डार्क भएको भन्ने कुरापछि दोस्रोपटक 'लुक टेस्ट'मा पास भएपछि फिल्ममा जोडिएँ,' अञ्जना स्मरण गर्छिन् । फिल्ममा जोडिनुभन्दा अघि उनले कौसी थिएटरमा एक महिनाको अभिनय कक्षा पनि लिइसकेकी थिइन् ।

फिल्ममा अञ्जनाको जोडीको रुपमा अभिनेता आर्यन सिग्देल छन् । आर्यन उनका 'क्रस' हुन् । फिल्ममा आफ्नै 'क्रस'को जोडी बन्न पाउँदा उनी जति खुसी थिइन्, उनलाई डर पनि उतिक्कै थियो । तर, फिल्ममा काम गर्दा आर्यनको सहयोगी र सरल व्यवहारले उनी नतमस्तक भइन् । धेरैपटक 'टेक' खाँदा पनि उनलाई आर्यनले झर्को नमानी 'यस्तो भइरहन्छ' भनेर ढाडस दिने गरेका थिए ।

उनी सम्झन्छिन्, 'मैले धेरै फिल्ममा काम गरेको छैन । त्यसमाथि यो फरक विधाको मजबुत विषय भएपछि आफ्नो चरित्रलाई अझ मजबुत कसरी बनाउने भन्ने डर हुन्छ । अझ मेरो जोडी मभन्दा अग्रज हुनुहुन्छ । आर्यन दाइले 'तिमीलाई मसँग अभिनय गर्दा गाह्रो भइरहेको छ भने भन्नु' भन्दा मलाई थप ऊर्जा प्राप्त हुन्थ्यो । सिनियर स्टार यति सरल हुन्छन् होला भन्ने मेरो कल्पना समेत थिएन ।'

फिल्ममा उनले कथित तल्लो जात (सार्की)की युवतीको भूमिका निभाएकी छन् । उनी ब्राम्हणको छोरा (आर्यन सिग्देल)सँग प्रेममा परेकी हुन्छिन्, तर समाजले त्यो सम्बन्ध स्वीकार गर्दैन । यसमा आफू पीडित चरित्रमा रहेको अञ्जनाको बुझाई छ । उनी भन्छिन्, 'म समाजबाट दबिएको पीडित, त्यसमाथि पूजारसँगको सम्बन्धका कारण समाजले नै बहिस्कार गरेपछि झन् पीडित चरित्रमा छु ।'

जातले गर्दा प्रेम सम्बन्धमा दबिएको र छोरी मान्छे भइसकेपछि कति कुरासँग सामना गर्नुपर्छ भन्ने आफ्नो चरित्रले देखाउने उनको जिकिर छ । तर, उनलाई वर्कसपको बेलामा स्क्रिप्ट पढ्दा आफ्नो चरित्र किन यसरी दबिएको छ भनेर चिन्ता लागेको रहेछ । यस्तो चरित्र दिइएकोमा उनलाई हल्का रिस पनि उठ्ने गरेको थियो । यसैले उनले लेखक विकास सुवेदीलाई बारम्बार प्रश्न गरिरहन्थिन् ।

'त्यो पात्रले बोल्नुपर्ने ठाउँमा बोल्दैन । अति भएपछि जो पनि बोल्छ नि ! म विकास दाईलाई यही कुरा भनिरहन्थेँ । धेरै पोल्यो भने आत्था त भन्ला नि त' भनेर सोध्थेँ । त्यही भएर पनि मेरो पात्रले सम्बन्ध निभाउनका लागि आफूभन्दा ठुलो जात भनिएको मान्छेसँग गरेको सैर्ष असाध्धै गाह्रो थियो । मैले बुझ्दा र त्यो पात्रलाई अनुभव गरिरहँदा मलाई एकदमै गाह्रो भएको थियो,' उनी सुनिइन् ।

अवसर पाउँदा काम गरेर देखाउन सक्छु भन्ने प्रमाणित आफूले 'पूजार सार्की'बाट गरेको उनको दाबी छ । 'अञ्जनाले अवसर पायो भने काम गरेर देखाउँछिन् भन्ने कुरालाई मैले 'पूजार सार्की'मा प्रमाणित गरेकी छु,' उनी भन्छिन्, 'मेरो हकमा 'महापुरुष' र 'पूजार सार्की'को मेरो पात्र एकदमै फरक हुन् । फरक परिवेश र फरक चरित्र भएकाले दर्शकले मलाई माया गर्नुहुन्छ भन्नेमा विश्वस्त छु ।'

## असन्तुलित वैदेशिक व्यापार :

# मासिक १ खर्ब ३० अर्ब आयात हुँदा १२ अर्ब मात्र निर्यात

काठमाडौं/वैदेशिक व्यापारअन्तर्गत आयात र निर्यात बीचको खाडल झनै बढेको छ । आयात र निर्यात दुवैमा कमी आएको चालु आर्थिक वर्ष (आव) २०८०/८१ को १० महिना (साउन-वैशाख) सम्म आइपुग्दा वैदेशिक व्यापारमा निर्यातको हिस्सा १.१४ प्रतिशतले खस्किएको भन्सार विभागको तथ्यांकले देखाएको छ ।




वैशाखसम्म १४ खर्ब २९ अर्ब ५३ करोड रुपैयाँ बराबर को वैदेशिक व्यापार भएको छ । जसमा आयातको हिस्सा ९१.१७ प्रतिशत र निर्यातको हिस्सा ८.८३ प्रतिशत देखिन्छ । १० महिनाको आंकडा अनुसार आयातको हिस्सा गत वर्षको तुलनामा ०.११ प्रतिशतले बढ्दा निर्यातको हिस्सा भने १.१४ प्रतिशतले खुम्चिएको हो ।

आंकडा अनुसार वैशाखसम्म मासिक औसत १ खर्ब ३० अर्ब रुपैयाँ बराबरको वस्तु आयात भएको छ । निर्यात भने मासिक १२ अर्ब रुपैयाँमा सीमित छ । वैशाखसम्म नेपालले १३ खर्ब ३ अर्ब ३५ करोड रुपैयाँ बराबरको वस्तु आयात गरेको छ । यो गत वर्ष यसै अवधिको तुलनामा २.३९ प्रतिशतले कम हो ।

सो वर्ष आयात १० महिनामा १३ खर्ब ३५ अर्ब ३२ करोड रुपैयाँ रहेको थियो । यस अवधिमा निर्यात भने १ खर्ब २६ अर्ब १७ करोड रुपैयाँ बराबरको भएको छ । यस अनुसार मासिक १२ अर्ब रुपैयाँ मात्र निर्यात भइरहेको देखिन्छ ।

नेपालले लामो समयदेखि निर्यात बजार बढाउन सकेको छैन । तर, आयात भने निरन्तर वृद्धि भइरहेकोमा चालु आवमा आयात खुम्चिएको छ । विज्ञहरूका अनुसार आन्तरिक अर्थतन्त्रमा आएको संकुचनले लगानी आकर्षित नहुनु र पूर्वाधार निर्माणले अपेक्षित गति लिन नसक्दा वस्तु आयात समेत बढ्न सकेको छैन ।

वैशाख २०८१ सम्म वैदेशिक व्यापार
कुल वैदेशिक व्यापार : १४ खर्ब २९ अर्ब
आयात : १३ खर्ब ३ अर्ब
निर्यात : १ खर्ब २६ अर्ब
व्यापार घाटा : ११ खर्ब ७७ अर्ब
व्यापार घाटा सामान्य कमी

चालु आवको १० महिनाको अवधिमा व्यापार घाटामा समेत सामान्य कमी आएको देखिन्छ । आयात र निर्यात दुवै खुम्चिँदा व्यापार घाटा कम भएको हो ।

तथ्यांक अनुसार १० महिनामा ११ खर्ब ७७ अर्ब रुपैयाँ बराबरको व्यापार घाटा भएको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा २.२६ प्रतिशत कम हो । अघिल्लो वर्ष वैशाखसम्म व्यापार घाटा १२ खर्ब ४ अर्ब रुपैयाँ भएको देखिएको थियो ।

### पेट्रोलियम पदार्थ आयातमा बाहिरियो पौने ३ खर्ब

१० महिनाको अवधिमा पेट्रोलियम पदार्थको आयातमा मात्र नेपालले पौने ३ खर्ब रुपैयाँ खर्च गरेको छ । यसअवधिमा २ खर्ब ७६ अर्ब रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । यस अनुसार नेपालको निर्यात व्यापारको दोब्बर भन्दा धेरै रकम पेट्रोलियम पदार्थ आयातमा खर्च गर्नु परेको छ ।

आइरन र स्टिलको आयात समेत १ खर्बमाथि पुगेको छ । यी सामानको आयातमा १ खर्ब ५ अर्ब रुपैयाँ खर्च भएको देखिन्छ । सवारी साधनको आयातमा ६७ अर्ब रुपैयाँ विदेशिएको छ ।

विद्युतीय सामग्री र उपकरणको आयातमा ८४ अर्ब ४१ करोड रुपैयाँ विदेशिएको विभागको तथ्यांकमा देखिएको छ । यस अवधिमा २४ अर्ब ७० करोड बराबरको तरकारीजन्य वस्तु आयात भएको छ ।

### भारतसँग ९ खर्बमाथिको व्यापार

नेपालको वैदेशिक व्यापारको ठूलो हिस्सा भारतमा निर्भर छ । तथ्यांक अनुसार भारतबाट नेपालमा ८ खर्ब १५ अर्ब रुपैयाँ बराबरको आयात भएको छ ।

नेपालबाट भारततर्फ भने ८६ अर्ब रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ । भारतसँग व्यापार घाटा समेत उच्च छ । यो मुलुकसँग ७ खर्ब २९ अर्ब रुपैयाँ बराबरको व्यापार घाटा देखिन्छ ।

चीन नेपालको दोस्रो ठूलो व्यापार साझेदार मुलुक हो । यस मुलुकबाट नेपालमा २ खर्ब ४० अर्ब रुपैयाँको सामान भित्रँदा नेपालबाट भने २ अर्ब २७ करोड रुपैयाँको मात्र सामान बाहिरिएको छ । यो अवधिमा नेपालले १६८ भन्दा बढी मुलुकसँग व्यापार गरेको आंकडा छ ।

*(स्रोत: अनलाइनखबर)*

# नक्कली विवाह गराएर चीनमा नेपाली युवती तस्करी

काठमाडौं/चिनियाँ नागरिकसँग नक्कली विवाह गर एर नेपाली युवतीको बेचबिखन गर्ने गिरोह सक्रिय रहेको पाइएको छ ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोले गरेको छानबिनका क्रममा यसरी नेपाली युवतीलाई चीन पठाएको आरोपमा एक जना पक्राउ परेकी छन् । पक्राउ पर्नेमा नुवाकोटको किस्पाङ गाउँपालिका-१ स्थायी घर भई हाल चीनमा बस्दै आएकी ४३ वर्षीया मनमाया घले छिन् ।

पीडितले दिएको जाहेरीका आधारमा अनुसन्धानका लागि उनलाई ठमेलबाट पक्राउ गरिएको ब्यूरोका एसपी गौतम मिश्रले बताए । प्रहरीका अनुसार, घलेले आर्थिक अवस्था कमजोर भएकी एक युवतीलाई चिनियाँ नागरिकसँग विवाह गरे पाँच वर्षपछि ग्रिनकार्ड बनाउन सकिने भन्दै प्रलोभन देखाएकी थिइन् ।

'केटा धनी रहेको भन्दै उनले नेपाल आउजाउ गर्न मिल्ने समेत भनेको खुलेको छ', एसपी मिश्र भन्छन्, 'त्यसपछि चिनियाँ नागरिकसँगको मिलेमतोमा पीडितलाई जिल्ला अदालत, काठमाडौंमा लगेर ललाइफकाई १२ चैत २०७९ मा अदालती विवाह गराएको खुलेको छ ।'

विवाहपछि १ वैशाख २०८० मा उनलाई चीन लगेर घले भने नेपाल फर्किएको खुलेको छ । चीनमा भने पीडितलाई यौन शोषण गरेको खुलेको मिश्र बताउँछन् । 'विभिन्न व्यक्तिहरुसँग जबर्जस्ती वेश्यावृत्तिमा लगाएको समेत खुलेको छ, घलेले उनलाई ५ लाख रुपैयाँ लिएर बेचबिखन गरेको समेत अनुसन्धानबाट देखिएको छ', उनले भने, 'पछि पीडितले आफन्तलाई सम्पर्क गरेपछि चीनस्थित नेपाली दूतावाससँगको समन्वयमा १ असार २०८० मा उनको उद्दार भएको थियो ।'

यो मामिलामा संलगन चिनियाँ नागरिक र अन्य व्यक्तिहरुबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, नेपाली युवतीलाई नक्कली विवाह गरेर चीनमा लगेर बेचबिखन गर्ने प्रवृत्ति नयाँ होइन ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले २०७१ सालमा गरेको अनुसन्धानमा पनि यस्तो गतिविधि भएको देखिएपछि जाँच गर्दा 'म्यारिज ब्यूरो' नै चलाएको फेला परेको थियो । त्यसबेला यसका सञ्चालकहरुलाई समेत ब्यूरोले पक्राउ गरेको थियो ।

२०७६ सालमा मानव बेचबिखन अनुसन्धान ब्यूरोले पनि चार चिनियाँसहित १० जनाको गिरोहलाई नेपाली युवती बेचबिखन गरेको आरोपमा पक्राउ गरेको थियो । त्यसबेला विवाह गरेर चीन पुगेका ४ युवतीको उद्दार भएको थियो ।

चीनबाट १२ कात्तिक २०८० मा पनि अर्की एक नेपाली युवतीको उद्दार भएको थियो । अधिकांश घटनामा प्रहरीले चिनियाँ नेक्ससको पटाक्षेप गर्न सकेको छैन । एसपी मिश्र भन्छन्, 'पछिल्लो घटनाबारे थप अनुसन्धान थालेका छौं ।'

# 'ह्रस्व दीर्घ' पोस्टरमा भावुक विपना

काठमाडौं/द्वन्द्व निर्देशक चन्द्र पन्तको निर्देशनमा तयार भएको फिल्म 'ह्रस्व दीर्घ'को तेस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । नेपाली र तेलुगू भाषामा तयार पारिएको पोस्टरमा अभिनेत्री विपिना थापा र साउथ अभिनेता प्रदीप रावत चित्रित छन् । विपना भावुक मुद्रामा देखिएकी छन् । प्रदीप भने चन्दन र रुद्राक्ष माला लगाएर पण्डितको भेषमा प्रस्तुत छन् । उनको आँखामा क्रोधको भाव देखिन्छ ।

दशैंको छेको पारेर आगामी असोज ११ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा नेपाली र साउथका कलाकारहरुको पल्टन छ । नेपालबाट विपनासहित नीता ढुंगाना, हरिहर अधिकारी, सरोज खनाल, गरिमा शर्मा, सञ्चिता लुइँटेल, बुद्धि तामाङ, किरण केसी, रविन्द्र झा, प्रशान्त ताम्राकार आदिको अभिनय रहेको छ भने साउथबाट प्रदीपसहित ब्रम्हानन्दम, अली र कबीर दुहान सिंह छन् । नीता अधिकारीको निर्माण तथा हरिहर अधिकारीको कथा लेखन रहेको फिल्मलाई भारतका छायाँकार कवीरलालले खिचेका हुन् ।

# 'बलिदान' बन्न ढिलाई हुँदा समीरको डेब्यु बन्यो '१२ गाउँ'

काठमाडौं/'एक्सन स्टार' विराज भट्टका छोरा समीर भट्ट फिल्म 'बलिदान'बाट डेब्युको तयारीमा थिए । तर, यो फिल्मको सेट डिजाइन र अन्य प्राविधिक कारणले निर्माणमा ढिलाई हुने भएपछि उनले पिताको फिल्म '१२ गाउँ'बाट डेब्यु गरेका छन् । सोमबार ललितपुरस्थित हात्तीबनमा फिल्मको शुभमुहूर्त गर्दै छायांकन सुरु गरिएको छ । फिल्मका लागि पहिलो दृश्य समीरको खिचिएको जनाइएको छ ।



विराज स्वयंको निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्ममा उनको पनि प्रमुख भूमिका रहनेछ भने अभिनेत्रीमा सनिशा भट्टराई र न्यान्सी खड्का छन् । दुवैको यो डेब्यु फिल्म हो । सनिशाले दर्जनौं म्यूजिक भिडियोमा काम गरिसकेकी छन् भने न्यान्सी पूर्वमिस नेपाल इन्टरनेशनल हुन् । फिल्ममा मुरलीधर, कालु राना, सन्तोष सरकार, शुलेमान शंकर 'इकु' लगायत पनि कलाकारमा छन् ।

महेश पौडेल छायाँकार रहेको फिल्मको विरगञ्ज र हेटौंडामा पनि छायांकन गरिनेछ । एक्सन-थ्रिलर कथामा बन्न लागेको फिल्मका लागि विराजले भारतबाट द्वन्द्व निर्देशक झिकाएका छन् । कयौन् तमिल तथा कन्नड फिल्ममा द्वन्द्व निर्देशक भएर काम गरेका स्टन्ट सिल्भाको फिल्ममा द्वन्द्व निर्देशनसँगै विशेष भूमिकामा अभिनय पनि रहने जनाइएको छ । उनी केही दिनभित्र नेपाल आउँदैछन् ।

'१२ गाउँ'पछि समीरले आगामी साउनदेखि 'बलिदान'मा काम गर्नेछन् । उनले लामो समयदेखि मुम्बई बसेर अभिनय, नृत्य, मार्सल आर्ट तथा द्वन्द्वको तालिम गरेका थिए । जब विराजले '१२ गाउँ'बाट छोराको डेब्यु निश्चित गर्दै आफ्नो सामाजिक सञ्जालबाट तस्वीर सार्वजनिक गरेका थिए, त्यसपछि धेरै मेकरको नजर समीरमा परेको छ । उनलाई एक्सन फिल्मबाट प्रस्ताव पनि ओइरिएको छ ।

# रुपा राना अभिनीत 'शिरफूल' असार ७ मा

काठमाडौं/कमल एक्चै मगरको निर्देशनमा तयार भएको फिल्म 'शिरफूल' आगामी असार ७ गतेदेखि प्रदर्शनमा आउने भएको छ । सोमबार एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो ।

यो मितिमा अभिनेत्री पूजा शर्मा अभिनीत 'दान्भी' र स्वर्गीय गायक भक्तराज आचार्यको बायोपिक फिल्म 'आचार्य' पनि प्रदर्शनमा आउँदैछन् । अर्थात् असार ७ मा त्रिपक्षीय भिडन्त हुने भएको छ ।

'शिरफूल'मा रुपा राना, राज थापा, देवराज आले, विनिता थापा, सुनिल रोका, नमिता तामाङ, पूजा गदाल, लिला गुरुङ, नीता पुन, किरण मगर लगायतको अभिनय छ भने अभिनेत्री मरिष्का पोखरेल विशेष भूमिकामा छिन् । फिल्ममा राजु थापा, डिपी खनाल र कृष्ण केसीको रचना, हरि लम्साल र देवराज आले मगरको संगीत, निरोज श्रेष्ठको छायांकन र मिलन श्रेष्ठको सम्पादन रहेको छ ।

नेपाली समाजमा छोरी चेलीलाई शिरको फूलको रुपमा लिने चलन भएकोले फिल्ममा छोरीलाई बिम्बको रुपमा बुझाउन खोजिएको निर्देशक मगरले बताए ।

आशीर्वाद पुन र माया छन्त्याल पुनको निर्माण रहेको फिल्ममा देवराज आले मगरको कथा र राज थापा र राजु युगिनको पटकथा तथा संवाद छ । कमलले यसअघि 'डेसान' बनाएका थिए । यसले यतिबेला विभिन्न अवार्ड जितिरहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मउवा संघको भ्रमण सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/ मकवानपुर उद्योग वाणिज्य संघको भ्रमण टोलीले डडेल्धुरा उद्योग वाणिज्य संघको कार्यालयमा गई छलफल गरेको छ ।



मउवा संघको तर्फबाट सत्र सदस्यीय भ्रमण टोली बिहीबार डडेल्धुरा उवासंघले डडेल्धुराको बागबजारस्थित कार्यालयमा आयोजना गरेको छलफलमा आपसी अनुभव आदानप्रदान गरिएको हो । मउवासंघका अध्यक्ष कृष्णकुमार गुप्ताको नेतृत्वमा जेठ १ गतेदेखि जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, बागमती प्रदेशका मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार डिबि ढकाल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्ण कटुवाललगायत संघका पदाधिकारी, सदस्य तथा कर्मचारीको सहभागिता रहेको थियो ।

छलफलमा संघका अध्यक्ष गुप्ताले व्यवसायीका धेरै समस्या साझा रहेको, उद्योगी व्यवसायीको संस्थाप्रति धेरै अपेक्षा हुने, संघमा आवद्ध सदस्यलाई सदस्यता नवीकरणका लागि चालु आर्थिक वर्षदेखि करचुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने प्रावधान राखिएको, व्यवसायीका करका समस्याहरु आउने गरेको र समाधानको प्रयत्न गरेको बताए ।

संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कटुवालले यसपटक पश्चिमका पहाडी जिल्लाको अध्ययनअवलोकन भ्रमणमा अघि बढेको, उद्योग व्यवसाय धरासायी हुँदा राजश्वमा धक्का लाग्ने र समग्रमा राज्यलाई नै प्रभाव पर्ने, आर्थिकमन्दी अन्तराष्ट्रिय तहमा भइरहेको युद्ध र हाम्रो देशको आन्तरिक कारणले भइरहेको, कर्जा लिनबाट जोगिनुपर्ने स्थिति बनेको बताए ।

महासंघमा आर्थिक मन्दी, बैंकिङ समस्यालगायत समस्या समाधानको लागि विषय उठान गरि रहेको तीनै तहको सरकारसँग निकट रही समाधानको प्रयास गर्न आवश्यक रहेको, पर्यटन प्रवर्द्धनको सम्भावना रहेकाले डडेल्धुरामा पर्यटन आकर्षणका काम गर्न जरुरी रहेको, जसका लागि उवासंघले पनि प्रदेश र केन्द्र सरकारसमक्ष प्रस्ताव लैजान सक्ने, पश्चिम सेतीको हाइड्रोले सडक, होटल, निर्माण सामग्री आदिको व्यापार बढ्न सक्ने, जलश्रोत सम्पन्न भएकाले पानीको व्यापारलाई सम्भावित बनाएको, महासंघले ख, ग र घ वर्गमा रहेका संघहरुले मेला आयोजना गर्दा एक लाख रुपैयाँ सहयोग गर्ने प्रावधान ल्याएको भनाइ राखे ।

डडेल्धुरा उवासंघका कार्यवाहक अध्यक्ष दीपकबहादुर महताले केन्द्रीय सदस्य सम्मिलित भ्रमणले जिल्लाको विषयलाई केन्द्रसम्म पुऱ्याउने माध्यम बनेको, कमजोर उवासंघलाई महासंघले मद्दत गर्नुपर्ने, हालसालै डडेल्धुरामा सडक १५-१५ मिटर विस्तारको कार्य भएकोमा विस्थापित हुनेको अनुरोधका आधारमा विभिन्न निकायसँग परामर्श चलाएको, विस्तारको असरले व्यवसायी अन्यत्र पलायन हुँदा नयाँ बनेका सटर खाली रहेको, सडकको स्तरोन्नति समयमै नहुँदा वर्षामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने गरेको, भएका पर्यटनले व्यापारलाई राहत दिनसक्ने अवस्था नसकेको, दाता निकायसँग जिल्लाको विकासको सम्भावना समेटी सुझाव पेश गर्दै आएको बताए ।

छलफलमा डडेल्धुरामा जाडोमा माइनस ५ डिग्रीसम्म पुग्ने तापक्रम बाँकी नौ महिना सन्तुलित रहने, प्रसिद्ध शक्तिपीठ एवम् मन्दिर रहेको, अमरसिंह थापाले लडाइ गरेको ठाउँ भएको, जडिबुटीमा संभावना रहेको, एक दिनमा एकहजार जनासम्म पर्यटक जिल्लामा रहनसक्ने सुविधा भएको, सुदूर पश्चिमको पर्यटन विकासको लागि सडकमा राज्यको लगानी आवश्यक रहेको, सुदूरपश्चिमका ९ जिल्ला तरकारीमा आत्मनिर्भर रहेको जस्ता विषय चर्चा गरिएको थियो ।

डोटी उवासंघका अध्यक्ष विक्रमबहादुर साउदले डोटीमा ग्राहकको कमीले व्यवसाय क्षेत्र चपेटामा परेको, कामदारलाई तलब दिनसमेत गाह्रो परेको, पसलमा उपभोक्ताको चाप नभइ सुनसान हुने गरेको, महासंघको नेतृत्व धनगढीसम्म आएपनि पहाडी जिल्ला नआएको, महासंघ नेतृत्वले जिल्लाको भ्रमण गरी केन्द्र सरकारसमक्ष विकासको लागि पहल गरिदिनु पर्ने, व्यवसाय छैन तर, कर कार्यालयबाट हप्ता-हप्तामै अनुगमन गर्न आउने गरेको, खप्तडमा राज्यले होमस्टेहरु निर्माण गरिदिनु पर्ने, यातायात सञ्जालको लागि राज्यले लगानी बढाइदिनु पर्ने बताए ।

छलफलमा डोटीमा बैंकले दु:ख दिएको, बिजुली, बाटो नपुगेका ठाउँ रहेको, केन्द्रीय सदस्यले महासंघमा आवाज पुऱ्याइदिनु पर्ने जस्ता विषयहरु चर्चा गरिएका थिए ।

त्यसैगरी भ्रमण टोलीले यसअघि रुपन्देहीको सिद्धार्थ उद्योग वाणिज्य संघमा छलफल सम्पन्न गरेको थियो । सिद्धार्थ उवासंघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले आर्थिक मन्दीको प्रभाव रुपन्देहीमा पनि रहेको, वि.सं. २०११ सालमा सिद्धार्थ उवासंघ स्थापना भएको, महासंघमा क वर्गमा वर्गिकृत रहेको, तीन हजार पाँच सय हाराहारी सदस्य रहेको, बहुराष्ट्रिय कम्पनीसहित ११० जति एशोसिएट सदस्य रहेको, भारतको सीमा नजिक रहेको, संघको प्रमुख आम्दानीको श्रोत सदस्यता शुल्क र उत्पत्तिको प्रमाणपत्र बापतको शुल्क रहेको, आगामी बजेट ठूला व्यवसायिक घरानाको प्रभावमा नपरी साना उद्योगी व्यवसायीको पक्षमा बन्नुपर्ने, लुम्बिनी प्रदेश सरकारसँग उल्लेख्य समन्वय स्थापित हुन नसकिरहेको बताए ।

# हेटौंडामा उच्च शिक्षाको विषयमा राष्ट्रिय सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/ हेटौंडामा उच्चशिक्षाको वर्तमान सन्दर्भमा दुईदिने राष्ट्रिय सम्मेलन हुने भएको छ । बागमती प्रदेश विश्वविद्यालयको रुपमा विकसित गर्ने निर्णय भएअनुरुप मकवानपुर बहुमुखी क्याम्पसले जेठ ११ र १२ गते उच्चशिक्षाका चुनौति, रोजगारी सिर्जना, दिगोपन र कक्षा छाड्ने दर घटाउने मुल विषयमा राष्ट्रिय सम्मेलन हुन लागेको हो ।

पत्रकार सम्मेलनमा जानकारी दिँदै क्याम्पसका प्रमुख डा.यम सिलवालले नेपालमा उच्चशिक्षाले सामना गरिरहेको मुख्य समस्यालाई सम्बोधन हुने गरी कार्यक्रम आयोजना गर्न लागेको बताए । दुई दिनसम्म रोजगारी अन्तरगत प्रतिस्पर्धी रोजगार बजारमा सफल हुनका लागि आवश्यक सीप र ज्ञानयुक्त जनशक्ति उत्पादन गर्ने, दिगोपनतर्फ दिगो विकासका अभ्यासलाई मुल पाठ्यक्रममा समावेश गर्ने र सामूदायिक क्याम्पसको दिगोपनाका आधारको खोजी गर्ने र विद्यार्थीले बीचमै पढाई छाड्ने दर घटाउने र शैक्षिक सफलतालाई बढावा दिनका लागि थप समावेशी सिकाईको वातावरण सिर्जना गर्ने, रणनीतिहरु पहिचान र कार्यान्वयन गर्ने लक्ष्य लिइएको क्याम्पसप्रमुख सिलवालले बताए ।

कार्यक्रममा मध्यपश्चिम अञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा ध्रुवकुमार गौतम र पूर्वउपकुलपति एवम् विश्वविद्यालय अनुदान आयोग नेपालका प्राविधिक सल्लाहकार प्रा.डा.हृदयरत्न बज्राचार्य लगायत अन्य प्रोफेसरले आफ्ना अनुभव साटासाट गर्ने कार्यतालिका रहेको सिलवालले बताए ।

सम्मेलनमा विभिन्न विश्वविद्यालय, आंगिक क्याम्पस, सामूदायिक क्याम्पस र निजी क्याम्पसका करिब तीन सय विद्यालयको सहभागिता रहने प्रमुख सिलवालले जनाए । कार्यक्रममा करिब २० लाख खर्च हुने आयोजकको अनुमान रहेको छ । कार्यक्रममा सहभागीले खाना र आवासको लागि तीन हजार पाँच सय शुल्क तिर्नुपर्ने छ भने आवास नचाहिनेले दुई हजार शुल्क तिर्नुपर्ने जनाइएको छ ।

एभोकाडोमा हुने कार्यक्रमलाई मुख्यमन्त्री शालिकराम जम्कट्टेलले उद्घाटन गर्ने कार्यक्रममा ३० जना विज्ञद्वारा अनुसन्धान प्रस्तुति रहने आयोजकले जनाएको छ । पत्रकार सम्मेलनमा क्याम्पस व्यवस्थापन समितिका उपाध्यक्ष अशोक शाक्य, सदस्य डा.कृष्णप्रसाद धिताल, सहायक क्याम्पसप्रमुख संगम चौलागाई, दिनेश विडारी, उत्तम अर्याल लगायतको उपस्थिति रहेको थियो ।

# अखिल क्रान्तिकारी हेटौंडा क्याम्पस अध्यक्षमा सिन्तान

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) हेटौंडा क्याम्पस ईकाई कमिटीको पाँचौं सम्मेलन सोमबार सम्पन्न भएको छ ।

सम्मेलनले प्रमिला सिन्तानको अध्यक्षतामा हेटौंडा क्याम्पस ईकाई कमिटी चयन गरेको हो । कमिटीको उपाध्यक्षमा राज र साईली, आर्जु राई, सचिवमा ईश्वर ढुंगेल, सहसचिवमा खुशी पौडेल, कोषाध्यक्षमा निश्चला सिलवाल चयन भएका छन् । सदस्यहरुमा सलोनी थापाक्षेत्री, रोजी थापामगर, साजन भण्डारी, खुशनन्दन चौधरी लगायत चयन भएका छन् ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् मकवानपुर ईञ्चार्ज बिजय गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा गौतमले बिद्यार्थीले अध्ययनसँगै हाल विकसित सूचनाप्रविधिलाई उपयोग गरी आफ्नो क्षमतालाई विकास गर्नुपर्ने बताए । सम्मेलनमा नेकपा माओवादी केन्द्रका बागमती प्रदेश कमिटी सचिवालय सदस्य ललित घलान, मकवानपुर जिल्ला संयोजक भीम पाखिन, सचिव बीरबहादुर घलान (ज्वाला), हेटौडा क्याम्पसका क्याम्पसप्रमुख देबीराम लामा, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य एवम् मकवानपुर ईञ्चार्ज ध्रुवराज ढकाललगायतको आतिथ्यता रहेको थियो ।

# ‘बजेट संघीयता कायान्वयनतर्फ लक्षित छ’

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले प्रदेश सरकारले तर्जूमा गर्ने बजेट संघीयताको पूणर् कार्यान्वयन गर्नेतर्फ लक्षित भएको बताएका छन् ।

संघीयताको मर्म र भावनाअनुरुप प्रदेशगत संरचनालाई थप मजबुद र स्थायित्व दिने उनले बताए । सोमबार सदनमा प्रदेशसभा सदस्यहरुको प्रश्नको जवाफ दिंदै सन्तुलित र दीगो विकास, गरिबी निवारण र रोजगारीमा वृद्धि गर्नु नै प्रदेश सरकारको बजेटका सिद्धान्त, प्राथमिकता र कार्यक्रमको लक्ष्य रहेको स्पष्ट पारे । यूवाको विदेशपलायन रोक्ने कार्यक्रम, उत्पादनका क्षेत्रहरुलाई लक्षित गरी बजेट विनियोजन, जनताका आधारभूत आवश्यकताको परिपूर्ति, सेवा क्षेत्रहरुको सेवा विस्तार र सुधार, दीगो र वातावरणमैत्री पूर्वाधार विकासलाई महत्वका साथ हेरेको बताए ।

‘सुशासन र पारदर्शीता, निर्वाहामुखीबाट उत्पादनमुखी कृषि, देशभित्र उपलब्ध सेवा र वस्तुहरुको आयात प्रतिस्थापन, सामाजिक समावेशीकरण र लैंगिक समानता, भाषा तथा संस्कृतिको प्रवर्द्धन, जलवायू परिवर्तनका असरहरुको न्यूनीकरण र अनुकुलन, सूचना प्रविधि र वैकल्पिक उर्जाप्रवर्द्धन, औद्योगिक विकास, शिक्षा र स्वास्थ्य, मन्त्रालयहरुको विषयगत सेवा विस्तारको लागि कार्यालय विस्तार लगायत तमाम विषयमा प्रदेश सरकार गम्भिर ढंगले लागिरहेको छ ।,’

यस्तै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अनावश्यक बिवादमा ल्याउन नहुने बताए । नामसँग भन्दा पनि कामलाई प्राथमिकतामा राख्न उनले सुझाव दिए । अघिल्लो प्रदेशसभाले सर्वसम्मतरुपमा यसको स्थापना गरेकोले सबैले यसको संरक्षण गर्नुपर्ने बताए । नेताको नाम जोडिएपछि कार्यकर्ता नै भर्ती हुन्छ भन्ने भ्रमबाट मुक्त हुनुपर्ने बताए ।

सरकारले प्रदेशसभा अर्थ तथा विकास समिति, प्रदेश सरकारका मन्त्रालय तथा निकायहरु, प्रदेशभित्रका योजना तथा विकास विज्ञहरु, स्थानीय तहका महासंघ तथा संघका पदाधिकारीहरु, निजीक्षेत्रलगायत अन्य सरोकारवालासँग विभिन्न चरणमा घनीभूत छलफल गरी प्राप्त भएका सान्दर्भिक सुझाव समावेश गरेर प्रदेश सरकारको सिद्धान्त र प्राथमिकता तय गरेको जानकारी दिए । वातावरण संरक्षणसम्बन्धी विषय प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउँदै सिद्दान्त र प्राथमिकतामा समेत यो विषयलाई समावेश गरिएको बताए ।

मन्त्री थपलियाले वातावरण संरक्षणका क्षेत्रमा फोहोर मैला व्यवस्थापन मात्र होइन, कार्वनउत्सर्जन न्यूनीकरण, जलाधार व्यवस्थापन जलवायु परिवर्तन अनुकुलन लगायत क्षेत्रहरु समेत प्रदेश सरकारको प्राथमिकतामा नै रहेको स्मरण गराउँदै आगामी बजेटमा कार्यक्रममार्फत सम्बोधन गरिने पनि सदनमा जानकारी दिए । भाषा, कला, साहित्यलगायत सम्पूर्ण सांस्कृतिक पक्षको प्रवर्द्धन र सम्वर्द्धनमा प्रदेश सरकार प्रतिवद्ध छ । प्रदेश सरकारको सिद्धान्त र प्राथमिकतामा समेत सामाजिक क्षेत्रको विकासतर्फ साहित्य, कला, संस्कृति लगायतका क्षेत्रको विकास तथा प्रवर्द्धन गरिने विषय समेत समावेश गर्ने बताए ।

मन्त्री थपलियाले सिद्दान्त र प्राथमिकतामा राखिएका क्रमसंख्या कम र बढी प्राथमिकताको कारण तलमाथि नराखिएको भन्दै सबै क्षेत्रहरुमा प्रदेश सरकारले समान प्राथमिकता तथा आवश्यकता र औचित्यताका आधारमा बजेट विनियोजन गर्ने समेत बताए । ‘निजी क्षेत्रलाई प्रोत्साहन गरी प्रदेशको आर्थिक सामाजिक सांस्कृतिक विकासमा योगदान पुऱ्याउन संघीय र स्थानीय सरकारसँग आवश्यक समन्वयमा सार्वजनिक जग्गामा आधारभूत औद्योगिक पूर्वाधार निर्माण गर्ने र उक्त क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आह्वान गर्ने विषयलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ ।,’ उनले बताए ।

मन्त्री थपलियाले प्रदेश सरकारले आयातित काठको निर्भरतालाई प्रतिस्थापन गर्दै दिगो वन व्यवस्थापनमार्फत काठ दाउरा उत्पादन, रोजगारीको सिर्जना र वनपैदावरको आयातलाई प्रतिस्थापन गर्ने विषयमा प्रदेश सरकारले जोड दिई प्राथमिकतामा राखेको समेत बताए । सहकारी क्षेत्रको प्रभावकारी नियमन, व्यवस्थापन र विकासको लागि आवश्यक प्रबन्ध गरिने विषय प्रस्तुत सिद्दान्त र प्राथमिकतामा उल्लेख भएको हुँदा सहकारी क्षेत्रका समस्या समाधान, अनियमितताको कारवाही, कर्मचारी व्यवस्थापनका साथै समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन समितिको काम कारवाहीलाई थप प्रभावकारी बनाउने लगायत विषय प्रदेश सरकारको प्राथमिकतामा रहेको जानकारी दिए ।

महिला सशक्तिकरण, मातृशिशु मृत्युदर न्यूनीकरणलगायत विषय समेटिएका छन् । प्रस्तुत विषयलाई आगामी आर्थिक वर्षको बजेटमा कार्यक्रममार्फत प्रभावकारी रुपमा कार्यान्वयन गरिने बताए । सिद्दान्त र प्राथमितामा तोकेर नलेखिए पनि ती विषयहरु प्रदेश सरकारको विषयगत मन्त्रालयले र मातहतका निकायबाट कार्यान्वयन गर्ने गरी बजेटमा समावेश हुने समेत उनले बताए।

## विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि
## नि:शुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न व्यक्ति र आकस्मिक रुपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्त तत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परीक्षण नि:शुल्क रुपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

श्री मालपोत कार्यालय मकवानपुरबाट
मिति २०८१/०२/०७ मा जारी भएको

## संशोधन सम्बन्धी हकदाबीको पैंतीस दिने सार्वजनिक सूचना !

*निवेदक/जग्गा धनी - जख्खु वोट*

यसमा जिल्ला मकवानपुर मनहरी गाउँपालिका वडा नं. ७ बस्ने जख्खु वोटले निज जख्खु वोटको नाममा दर्ता कायम रहेको तपशिलको जग्गामा तपशिलको विवरण फरक परेकोले संशोधन गरी श्रेस्ता कायम गराई पाउँ भनी मनहरी गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. २०८२ मिति २०८०।०१।०८ को सिफारिस, सम्पत्ति कर र सिद, श्रेस्ता उतार समेत संलग्न राखी द.नं. १६४४९ मिति २०८०।०१।१० मा कार्यालयमा निवेदन पेश गर्नु भएको,

**तपशिल**

**१. जग्गाको विवरण**

| क्र.सं. | गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | कै. |
|---|---|---|---|---|---|
| १ | मनहरी | ६ | ४२४ | ज.वि.०-०-१० | |

**१. भएको र संशोधन हुनुपर्ने विवरण**

| क्र.सं. | भएको विवरण | हुनुपर्ने विवरण | कै. |
|---|---|---|---|
| १ | जग्गा धनीको नाम- जख्खु वोट<br>ठेगाना- ठिंगन<br>बाबुको नाम-०<br>बाजेको नाम-०<br>ना.प्र.प.नं.-उल्लेख नभएको<br>फोटो टाँस-नभएको | जग्गा धनीको नाम- जख्खु वोट<br>ठेगाना- मनहरी गाउँपालिका वडा नं.७<br>बाबुको नाम-मान बहादुर वोट<br>बाजेको नाम-आईत बहादुर वोट<br>ना.प्र.प.नं.-३०/१०१६<br>जारी मिति:-२०५८/०३/०१<br>फोटो टाँस-सिफारिसमा टाँस भए बमोजिम | |

मिसिल संलग्न कागजात तथा वडा कार्यलयको सिफारिसको अध्ययन गर्दा जग्गाधनीको ठेगाना फरक परेको, बुवाको, बाजेको नाम तथा ना. प्र.नं.नं. उल्लेख नभएको फोटो टाँस समेत नभएकोले उल्लेखित विवरण कायम गरी जग्गाधनि प्रमाण पुर्जा दिने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नू भनी कार्यालयबाट भएको आदेश बमोजिम यो पैतिस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निज निवेदक जख्खु वोटले माग गरे बमोजिम हुन नहुने कुनै कारण भएमा वा निज निवेदकको मागदावी बमोजिम गर्दा कोही कसैलाई कुनै प्रकारले असर/फरक पर्ने भएमा यो सूचना प्रकाशित भएको पैंतिस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण उपस्थित हुन आउनु होला । अन्यथा निवेदकको मागदाबी निवेदन बमोजिम संसोधन भई श्रेस्ता कायम भई जानेछ । पछी कुनै उजुर बाजुर लाग्ने छैन ।

*ईति सम्बत् २०८१ साल जेष्ठ महिनाको ०७ गते रोज ०२ शुभम् ।*

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना